# बार्षिक प्रगति प्रतिवेदन

## आर्थिक बर्ष २०८२/०८३

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राष्ट्रिय तथ्याङ्क कार्यालय
तथ्याङ्क समन्वय कार्यालय, डोटी
२०८३

# तथ्याङ्क  समन्वय कार्यालय राजपुर, डोटीको

## बार्षिक प्रगति प्रतिवेदन

## आ.ब. २०८२/२०८३

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राष्ट्रिय तथ्याङ्क कार्यालय
तथ्याङ्क  समन्वय कार्यालय, डोटी
२०८३

| | |
|---|---|
| प्रकाशक | तथ्याङ्क समन्वय कार्यालय, डोटी<br>फोन. नं : ०९४-४४०१५३<br>इमेल : scodoti@nsonepal.gov.np<br>वेबसाइट: https://scodoti.nsonepal.gov.np/ |
| प्रकाशन बर्ष | २०८३ |



## सम्पादक मण्डल

सल्लाहकारः श्री मोहन देव भट्ट (तथ्याङ्क समन्वय अधिकारी )

प्रधान सम्पादकः श्री खेम राज भट्ट (तथ्याङ्क अधिकृत)

सम्पादकः श्री तिलक पाल (सुपरिवेक्षक)

## सम्पादकीय सदस्यहरू

१. श्री योगेश जोशी (सुपरिवेक्षक)

२. श्री रमेश दत्त भट्ट (गणक)

३. श्री नागेश्वर चौधरी (गणक)

४. श्री कृष्ण कार्की (गणक)

# नेपाल सरकार
# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
# राष्ट्रिय तथ्याङ्क कार्यालय
# तथ्याङ्क समन्वय कार्यालय डोटी
**(डोटी, अछाम, बाजुरा)**

☎ ०९४-४४०१५३
: scodoti@nsonepal.gov.np
: scodoti.nsonepal.gov.np

**प.स. २०८३/२०८४**
**च.न.**

मन्तव्य



वि.स.२०५० सालमा शाखा तथ्याङ्क कार्यालयको रुपमा स्थापना भएको कार्यालय वि.स.२०७० सालबाट कार्यालयको नाम परिवर्तन भइ तथ्याङ्क कार्यालयको रुपमा कामगर्दै आइरहेकोमा नेपाल सरकारले देशभरिका साविकका ३३ तथ्याङ्क कार्यालयहरु खारेज र संगठन संचरनामा समेत परिवर्तन गरि देश भरिमा १८ वटा तथ्याङ्क समन्वय कार्यालय स्थापना गर्ने निर्णय गरे बमोजिम मिति २०८० साल पौष १२ गते तथ्याङ्क समन्वय कार्यालय डोटीको स्थापना भएको हो। यस कार्यालयको कार्यक्षेत्र डोटी, अछाम र बाजुरा जिल्लाका २८ वटा स्थानीय तहहरुमा हुने तथ्याङ्कीय क्रियाकलापमा समन्वय र सहकार्य गर्ने जिम्मेवारी रहेको छ । यसको साथसाथै राष्ट्रिय तथ्याङ्क कार्यालयले सालवसाली रुपमा संचालन गर्ने गणना तथा सर्वेक्षणमा यस कार्यालयको सक्रिय सहभागिता रहने गर्दछ। संघीय सरकार र स्थानीय तहहरुमा हुने तथ्याङ्कीय क्रियाकलापमा यस कार्यालयले एक गतिशील पुलको भूमिका निर्वाह गर्ने गरेको छ ।

यस कार्यालयले आ.व. २०८२।०८३ मा सम्पादन गरेका तथ्याङ्कीय क्रियाकलाप लगायत विविध गतिविधिहरुको बारेमा सरोकार पक्षहरुलाइ एकत्रित रुपमा सरल र सहज ढंगवाट सूचना उपलब्ध गराउने उद्देश्यले वार्षिक प्रगति प्रतिवेदन प्रकाशन गर्न लागिएको हो। यस प्रतिवेदनले कार्यालयको कार्य प्रकृति, वार्षिक विनियोजित बजेट, बार्षिक खर्च र सम्पादित कार्यहरुको वारेमा सम्बन्धीत पक्षलाइ सु-सूचित गराउने अपेक्षा गरिएको छ।

अन्त्यमा, यो प्रतिवेदन तयारीमा अथक मिहिनेत गर्ने सम्पूर्ण सहयोगी सहकर्मी कर्मचारीहरुलाई विशेष धन्यवाद दिन चाहन्छु । यस प्रतिवेदनमा रहेका कमी कमजोरीहरु औंल्याइदिइ प्राप्त हुने सकारात्मक र रचनात्मक पृष्ठपोषणलाई यस कार्यालयले सधैं उच्च स्थान दिने विश्वास दिलाउन चाहन्छु ।

मोहन देव भट्ट
(तथ्याङ्क समन्वय अधिकारी)

भाद्र, २०८३

# विषय-सूची


**खण्ड-१: कार्यालयको परिचय** .......... **4**

१.१ पृष्ठभूमि .......... 4

१.२ काम ,कर्तव्य र अधिकार .......... 4

१.३ कार्यालयको संगठन संरचना .......... 6

१.४ कर्मचारी पदपुर्तीको अवस्था .......... 6

१.५ तथ्याङ्क समन्वय कार्यालयका कार्यालय प्रमुखहरुको नामावली: .......... 6

१.६ तथ्याङ्क समन्वय कार्यालय डोटीमा हाल कार्यरत कर्मचारीहरुको विवरण .......... 7

**खण्ड -२ : वार्षिक कार्यक्रम र अनुगमन तथा सुपरिवेक्षण** .......... **8**

२.१ राष्ट्रिय लेखा कार्यक्रम .......... 8

२.१.१ त्रैमासिक राष्ट्रिय लेखा कार्यक्रम .......... 8

२.१.२ बार्षिक राष्ट्रिय लेखा कार्यक्रम .......... 8

२.२ मूल्य तथ्याङ्क कार्यक्रम .......... 9

२.२.१ कृषिजन्य वस्तुहरुको स्थलगत मूल्य सूचकांक तथ्याङ्क संकलन: .......... 10

२.२.२ निर्माण क्षेत्रको लागत मूल्य सूचकांक तथ्याङ्क संकलन .......... 10

२.३ नेपाल तथ्याङ्कीय रजिष्टर निर्माण .......... 11

२.४ गोष्ठी तथा अन्तरक्रिया कार्यक्रम .......... 12

२.४.१ विभिन्न स्थानीय तहहरुमा तथ्याङ्कीय साक्षरता तथा क्षमता अभिवृद्धि कार्यक्रम संचालन गोष्ठी .......... 12

२.४.२ आर्थिक गणनाको तथ्याङ्क आवश्यकता विषयमा गोष्ठी .......... 12

२.४.३ सेवा प्रदायकसंग अन्तरक्रिया कार्यक्रम .......... 13

२.४.४ तथ्याङ्क दिवस .......... 13

२.५ सर्वेक्षण .......... 13

२.५.१: नेपाल स्थल यातायात सर्वेक्षण, २०८२ .......... 13

२.५.२: निजी स्वास्थ्य संस्था सर्वेक्षण .......... 13

२.५.३: राष्ट्रिय लेखा आधार बर्ष परिवर्तन सर्वेक्षण .......... 14

२.५.४: व्यावसायिक तरकारी बाली सर्वेक्षण २०८२ .......... 14

२.५.५: आन्तरिक पर्यटन सर्वेक्षण .......... 15

२.६ पालिका वस्तुगत विवरण तथा प्रकाशन .......... 15

**खण्ड -३: जनतालाई दिइने सेवा तथा त्यसको व्यवस्थापन** .......... **17**

३.१ कार्यालयमा प्रकाशन र वितरणको व्यवस्था : 17

३.२ राष्ट्रिय तथ्याङ्क कार्यालयको प्रकाशनहरुको माग तथा आपूर्ती व्यवस्था 17

३.३ पुस्तकालयको स्थापना तथा प्रयोग 17

३.४ कार्यालयबाट जारी भएको नागरिक बडापत्र 17

३.५ सेवा प्रवाह प्रकृया तथा व्यवस्थापन 18

**खण्ड ४: कार्यालयको आर्थिक प्रशासन विवरण 19**

४.१ गत आ .व. २०८२/०८३ को बजेट, खर्च, भौतिक तथा वित्तीय प्रगति 19

४.२ चालु बजेट र खर्च, कार्यक्रम बजेट र खर्च पुँजीगत बजेट र खर्च स्तम्भ ग्राफ चित्रमा 23

४.३ बेरुजुको अवस्था 24

४.४ कार्यक्रम अनुगमन तथा सुपरीवेक्षण 25

**खण्ड -५ कार्यालयको भौतिक अवस्था 26**

५.१ कार्यालयको भौतिक पूर्वाधार : 26

५.२ सम्पत्ति तथा जिन्सी मालसमानको विवरण र अवस्था 26

५.३ तथ्याङ्क समन्वय कार्यालय डोटीमा रहेका मुख्य खप्ने जिन्सी सामग्रीहरुको विवरण 28

**खण्ड-६: कार्यालयका समस्या र समाधानका उपायहरु 29**

६.१ कार्यालयका मौजुदा समस्या 29

६.२ समस्या समाधानका उपायहरु 29

# कार्यक्षेत्रको नक्शा



# खण्ड-१: कार्यालयको परिचय

## १.१ पृष्ठभूमि

नेपालमा आवधिक योजना संगै सुरुवात भएको दुई बर्षपछि अर्थात् वि.सं. २०१५ मा तथ्याङ्क ऐन जारी भई सोहि साल पुस १७ गते साविक केन्द्रीय तथ्याङ्क विभागको स्थापना भएको देखिन्छ। यसबाट नेपाल सरकारले सात दशक अगाडी नै जनता र मुलुकको ठोस हित हुने नीति निर्माण गर्नका लागि अत्यावश्यक तथ्याङ्कको महत्वलाई आत्मसात् गरेको यथार्थ स्पष्ट हुन्छ। केन्द्रीय तथ्याङ्क विभाग स्थापना हुनुभन्दा अगाडी वि.सं. २००७ सम्म नेपालको तथ्याङ्कीय कार्य सम्पादन गर्नका लागि औद्योगिक व्यापारिक समाचार सङ्ग्रह अड्डा र जनसंख्या गोश्वारा नामका दुई वटा अड्डाहरु रहेको पाइन्छ। पछि वि.सं. २००७ मा ती दुवै अड्डाहरु गाभेर संख्या विभाग स्थापना भएको देखिन्छ। वि.सं. २०१७ मा तथ्याङ्क नियमावली आउनुका साथै निजामती सेवा ऐन,२०४९ मा नेपाल आर्थिक योजना तथा तथ्याङ्क सेवा र तथ्याङ्क समूह गठन हुनु पनि नेपालको तथ्याङ्कीय विकासक्रमका अविस्मरणीय परिघटनाहरु हुन्। वि.सं. २०५० मा केन्द्रीय तथ्याङ्क विभाग मातहतमा ३३ ओटा तथ्याङ्क कार्यालयहरु खडा गरिए। साविकको केन्द्रीय तथ्याङ्क विभाग तथ्याङ्क ऐन २०७९ बमोजिम वि.सं.२०७९ साल आश्विन २८ गतेदेखि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मातहत राष्ट्रिय तथ्याङ्क कार्यालयमा परिणत भएको छ। ऐन अनुसार राष्ट्रिय तथ्याङ्क कार्यालयको प्रमुखको रुपमा संघीय निजामती सेवाको विशिष्ट श्रेणीको प्रमुख तथ्याङ्क अधिकारी रहने व्यवस्था छ। नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८०/०९/१२ को निर्णयबाट यस राष्ट्रिय तथ्याङ्क कार्यालयको मातहतमा रहेका ३३ वटा तथ्याङ्क कार्यालय खारेज भइ १८ वटा तथ्याङ्क समन्वय कार्यालयहरु संगठन संरचना तथा दरबन्दी तेरिज स्वीकृत र राष्ट्रिय किताबखानाको मिति २०८०/११/११ को निर्णयबाट संगठन तथा पद दर्ता, खारेज र थपघट समेत भए मुताविक नै मिति २०८१ साउन १ गतेबाट डोटी, अछाम र बाजुरा गरी ३ जिल्ला कार्यक्षेत्र रहने गरी तथ्याङ्क समन्वय कार्यालय, डोटी दिपायल सिलगढी नगरपालिका वडा नं. ४, राजपुर स्थित आफ्नै भवनमा सञ्चालनमा रहेको छ।


## १.२ काम ,कर्तव्य र अधिकार

राष्ट्रिय तथ्याङ्क कार्यालयले तथ्याङ्क समन्वय कार्यालय डोटी लगायत मातहतका १८ जिल्लामा रहेका तथ्याङ्क समन्वय कार्यालयहरूको लागि निर्धारित गरिएका कार्यहरू देहाय बमोजिम रहेका छन्।

- केन्द्रीय कार्यालयले सञ्चालन गर्ने गणना एवं सर्वेक्षण कार्यहरुको आफ्नो क्षेत्रमा कार्यान्वयन, व्यवस्थापन, सुपरिवेक्षण र अनुगमन गर्ने,

- केन्द्रीय कार्यालयबाट जिल्लास्तरमा सञ्चालन हुने तालिम कार्यमा सघाउ पुऱ्याउने र स्थानीय स्तरमा कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने तालिम सञ्चालन गर्ने,
- राष्ट्रिय तथ्याङ्क कार्यालयले गर्ने तथ्याङ्कीय कार्यक्रमहरुको कार्यान्वयनमा सहयोग गर्ने,
- केन्द्रीय कार्यालयले जिल्लाबाट संकलन गर्न निर्देश गरिएका विविध क्षेत्रका द्वितियक तथ्याङ्क संकलन गर्ने,
- कार्यक्षेत्र अन्तर्गतका जिल्ला एवम् स्थानीय तहको वस्तुगत विवरण तयार पार्ने,
- जिल्लास्तरीय तथ्याङ्क विकास कार्यक्रम बनाई केन्द्रमा पठाउने,
- जिल्ला विकासको निमित्त आवश्यक तथ्याङ्क उपलब्ध भए नभएको मूल्यांकन गर्ने,
- जिल्लास्तरीय तथ्याङ्कीय क्रियाकलापहरूको समन्वय गर्ने,
- वडा र गणना क्षेत्रको सीमाना, धरातल र घर परिवारको निर्दिष्ट स्थान छुट्टयाउने गरी नक्सांकन गर्ने ,
- नियमित रुपमा गर्नुपर्ने र राष्ट्रिय तथ्याङ्क कार्यालयबाट निर्दिष्ट भै आएका तथ्याङ्क संकलन सम्बन्धी सम्पूर्ण कार्य गर्ने,
- स्थानीयस्तरमा तथ्याङ्क पैरवी, तथ्याङ्कीय साक्षरता, सरकारी कार्यालय तथा अन्य प्रयोगकर्ताबाट माग भएका बखत तथ्याङ्कीय सेवा उपलब्ध गराउने आदि ।

## १.३ कार्यालयको संगठन संरचना




## १.४ कर्मचारी पदपुर्तीको अवस्था

| सि.न. | पद | श्रेणी | सेवा | समुह | पद संख्या | पदपुर्ति | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | तथ्याङ्क समन्वय अधिकारी | रा. प. द्वितीय | ने.आ.यो. तथा तथ्याङ्क | तथ्याङ्क | १ | १ | |
| २ | तथ्याङ्क अधिकृत | रा. प. तृतीय | ने.आ.यो. तथा तथ्याङ्क | तथ्याङ्क | १ | १ | |
| ३ | सुपरिवेक्षक | रा.प.अनं.प्रथम | ने.आ.यो. तथा तथ्याङ्क | तथ्याङ्क | ३ | २ | १ माग भैसकेको |
| ४ | गणक | रा. प.अनं. द्वितीय | ने.आ.यो. तथा तथ्याङ्क | तथ्याङ्क | ३ | ३ | |
| ५ | खरिदार | रा. प.अनं. द्वितीय | नेपाल प्रशासन | सामान्य प्रशासन | २ | रिक्त | माग भैसकेको |
| ६ | सहलेखापाल | रा. प.अनं. द्वितीय | नेपाल प्रशासन | लेखा | १ | रिक्त | माग भैसकेको |
| ७ | कार्यालय सहयोगी | श्रेणी विहिन | नेपाल प्रशासन | सामान्य प्रशासन | २ | २ | करार |
| जम्मा | | | | | १३ | ९ | |

## १.५ तथ्याङ्क समन्वय कार्यालयका कार्यालय प्रमुखहरुको नामावली:

| क्र.स. | नामथर | पद | देखि | सम्म |
|---|---|---|---|---|
| १ | श्री खेम राज भट्ट | नि. तथ्याङ्क समन्वय अधिकारी | २०८१।०३।१६ | २०८२।११।१६ |
| २ | श्री मोहन देव भट्ट | तथ्याङ्क समन्वय अधिकारी | २०८२।११।१७ | हाल |

## १.६ तथ्याङ्क समन्वय कार्यालय डोटीमा  हाल कार्यरत कर्मचारीहरुको विवरण

| सि.न. | नाम | पद | सेवा | समुह | श्रेणी | सेवा अवधि | ठेगाना |
|---|---|---|---|---|---|---|---|
| १ | मोहन देव भट्ट | तथ्याङ्क समन्वय अधिकारी | ने.आ.यो.तथा तथ्याङ्क | तथ्याङ्क | रा.प. द्वितीय | २९ बर्ष १ महिना | भि.न.पा. ६, कञ्चनपुर |
| २ | खेम राज भट्ट | तथ्याङ्क अधिकृत | ने.आ.यो.तथा तथ्याङ्क | तथ्याङ्क | रा.प. तृतीय | २६ बर्ष ८ महिना | भि.न.पा. १७, कञ्चनपुर |
| ३ | तिलक पाल | सुपरिवेक्षक | ने.आ.यो.तथा तथ्याङ्क | तथ्याङ्क | रा.प.अनं. प्रथम | ९ बर्ष ४ महिना | भि.न.पा. ३, कञ्चनपुर |
| ४ | योगेश जोशी | सुपरिवेक्षक | ने.आ.यो.तथा तथ्याङ्क | तथ्याङ्क | रा.प.अनं. प्रथम | ३ बर्ष ६ महिना | भि.न.पा.१०, कञ्चनपुर |
| ५ | रमेश दत्त भट्ट | गणक | ने.आ.यो.तथा तथ्याङ्क | तथ्याङ्क | रा.प.अनं. द्वितीय | ७ महिना | दोगडाकेदार-७, बैतडी |
| ६ | नागेश्वर चौधरी | गणक | ने.आ.यो.तथा तथ्याङ्क | तथ्याङ्क | रा.प.अनं. द्वितीय | ७ महिना | बारागढी-०२, बारा |
| ७ | कृष्ण कार्की | गणक | ने.आ.यो.तथा तथ्याङ्क | तथ्याङ्क | रा.प.अनं. द्वितीय | २७ बर्ष ९ महिना | भीमदत्त ७, कञ्चनपुर |
| ८ | धन बहादुर देउबा | का.स. | नेपाल प्रशासन | सामान्य प्रशासन | श्रेणीविहिन | २ महिना | शिखर-०१, डोटी |
| ९ | सुर्य बिष्ट | का.स. | नेपाल प्रशासन | सामान्य प्रशासन | श्रेणीविहिन | २ महिना | बडिमालिका-९, बाजुरा |

# खण्ड -२ : वार्षिक कार्यक्रम र अनुगमन तथा सुपरिवेक्षण

## २.१ राष्ट्रिय लेखा कार्यक्रम

राष्ट्रिय तथ्याङ्क कार्यालय, राष्ट्रिय लेखा शाखाले प्रत्येक वर्ष कुल गार्हस्थ्य उत्पादन (**Gross Domestic Product- GDP**), कुल राष्ट्रिय आय (**Gross National Income- GNI**) लगायतका विभिन्न समष्टिगत आर्थिक सूचक तयार गर्दै आइरहेको छ। राष्ट्रिय लेखा अनुमानको लागि राष्ट्रिय तथ्याङ्क कार्यालय (रा.त.का.) ले आफैले उत्पादन गरेका तथ्याङ्कको साथै अन्य विभिन्न स्रोतबाट उपलब्ध हुने तथ्याङ्क प्रयोग गर्ने गर्दछ। सबै तथ्याङ्क समन्वय कार्यालयहरूले रा.त.का.ले निर्दिष्ट गरे बमोजिम विभिन्न किसिमका तथ्याङ्क संकलन गरेर तोकिएको समयभित्र कार्यालयमा आइपुग्ने गरी पठाउनु पर्नेछ।

### २.१.१ त्रैमासिक राष्ट्रिय लेखा कार्यक्रम

साविकको केन्द्रीय तथ्याङ्क विभाग (हाल राष्ट्रिय तथ्याङ्क कार्यालय ) को राष्ट्रिय लेखा शाखाले प्रत्येक वर्ष कुल गार्हस्थ्य उत्पादन (Gross Domestic Product-GDP), कुल राष्ट्रिय आय (Gross National Income -GNI) लगायतका विभिन्न समष्टिगत आर्थिक सूचकहरु तयार गर्दै आइरहेको छ। राष्ट्रिय लेखा अनुमानको लागि राष्ट्रिय तथ्याङ्क कार्यालयले आफैले उत्पादन गरेका तथ्याङ्कहरुका साथै अन्य विभिन्न स्रोतबाट उपलब्ध हुने तथ्याङ्क प्रयोग गर्ने गर्दछ। त्रैमासिक राष्ट्रिय लेखा अनुमानका लागि राष्ट्रिय तथ्याङ्क कार्यालयले तथ्याङ्क समन्वय कार्यालयलाई निर्दिष्ट गरे बमोजिमका विभिन्न तथ्याङ्कहरु नियमित रुपमा संकलन गरि तोकिएको समयभित्र राष्ट्रिय तथ्याङ्क कार्यालयमा पठाउने गरिन्छ। तथ्याङ्क समन्वय कार्यालयले त्रैमासिक लेखा अनुमान कार्यक्रमअन्तर्गत सम्पादन गर्नपर्ने कायक्रमहरुको क्षेत्रगत विवरण यसप्रकार रहेका छन्।

| सि.नं. | त्रै.रा.ले. फाराम नं. | तथ्याङ्क संकलन गर्नुपर्ने स्थान | तथ्याङ्क संकलनका लागि छानिएका संस्था |
|---|---|---|---|
| १ | QNA_A1: कृषि | सबै जिल्ला | कृषि ज्ञान केन्द्र |
| २ | QNA_A2: पशुपन्छी | सबै जिल्ला | पशु सेवा कार्यालय/कृषि ज्ञान केन्द्र |
| ३ | QNA I1:तारे होटल | सबै तारे होटल | सबै तारे होटलहरू |
| ४ | QNA I2: होटल तथा रेष्टुरेण्ट | रातकाबाट उपलब्ध गराइएको सङ्ख्या अनुसारका होटल तथा रेष्टुरेण्ट | तथ्याङ्क समन्वय कार्यालयले छनोट गर्ने (गत आ.व. मा छनोट भएका) |
| ५ | QNA_E1: खानेपानी उपभोक्तासमिती | रातकाबाट उपलब्ध गराइएको सङ्ख्या अनुसारका खानेपानी उपभोक्ता समिती | तथ्याङ्क समन्वय कार्यालयले छनोट गर्ने (गत आ.व. मा छनोट भएका) |
| ६ | QNA H1: सवारीसाधनविवरण | सबै यातायात व्यवस्था कार्यालय | तथ्याङ्क समन्वय कार्यालयको कार्यक्षेत्र अन्तर्गतका सबै जिल्लास्थित यातायात व्यवस्था कार्यालय |

यस कार्यालयले आ.व. २०८२/८३ को प्रथम त्रैमासिकको मंसिरको तेस्रो हप्ता, दोस्रो त्रैमासिकको फाल्गुन तेस्रो हप्ता, तेस्रो त्रैमासिकको जेष्ठ तेस्रो हप्ता, र चौथो त्रैमासिकको भाद्र तेस्रो हप्ता तथ्याङ्क समन्वय कार्यालयले उल्लेखित क्षेत्रका तथ्याङ्क क्रमशः फारम थान २१/२१ राष्ट्रिय तथ्याङ्क कार्यालयले उपलब्ध गराइएको NDRS portal मा Data Entry गरेर तथ्याङ्क प्रविष्टी गरी राष्ट्रिय तथ्याङ्क कार्यालयमा पठाउदै आएको छ।

बार्षिक राष्ट्रिय लेखा अनुमानका लागि राष्ट्रिय तथ्याङ्क कार्यालयलाई आवश्यक ५न ।जल्ला स्तरका ।वाभन्न क्षेत्रका तथ्याङ्कहरु तथ्याङ्क समन्वय कार्यालयबाट संकलन गरी राष्ट्रिय तथ्याङ्क कार्यालयमा पठाउने गरिएको छ। गत आ.व. मा रा.त.का.बाट प्राप्त फाराम र व्यावसायिक प्रतिष्ठानको सूची अनुसार बार्षिक राष्ट्रिय लेखाको लागि तथ्याङ्क संकलन गरी कार्यालयले NDRS portal मा Data Entry गरेर राष्ट्रिय तथ्याङ्क कार्यालयमा

पठाइएको छ। तथ्याङ्क समन्वय कार्यालयले बार्षिक राष्ट्रिय लेखा अनुमान कार्यक्रम अन्तर्गत सम्पादन गर्नुपर्ने कार्यक्रमहरुको क्षेत्रगत विवरण यसप्रकार रहेका छन् ।

| सि.नं. | वा.रा.ले. फाराम नं. | तथ्याङ्क संकलन गर्नुपर्ने स्थान | तथ्याङ्क संकलनका लागि छानिएका संस्था |
|---|---|---|---|
| १ | **ANA A1**: सामुदायिक वन | रातकाबाट उपलब्ध गराइएको सङ्ख्या अनुसारका सामुदायिक वन | तथ्याङ्क समन्वय कार्यालयले छनोट गर्ने (गत आ.व. मा छनोट भएका) |
| २ | **ANA B1**: खानी तथा उत्खनन् | सबै स्थानीय तह | तथ्याङ्क समन्वय कार्यालयको कार्यक्षेत्र अन्तर्गतका जिल्लास्थित सबै स्थानीय तहहरू |
| ३ | ANA F1: भवन तथा सडक निर्माण | सबै स्थानीय तह | तथ्याङ्क समन्वय कार्यालयको कार्यक्षेत्र अन्तर्गतका जिल्लास्थित सबै स्थानीय तहहरू |
| ४ | ANA H1: स्टोरेज | क) तथ्याङ्क समन्वय कार्यालयको कार्यक्षेत्र अन्तर्गतका सबै जिल्लाहरूमा कुल दश वा सो भन्दा कम सङ्ख्याका स्टोरेज भएमा सबै स्टोरेजबाट।<br>ख) दशभन्दा बढी भएमा कम्तिमा ११ र बढीमा १५ ओटा स्टोरेजबाट | स्टोरेजहरू छनोट गर्नु पर्ने भएमा तथ्याङ्कीय विधि प्रयोग गरेर सबै स्टोरेजको प्रतिनिधित्व हुने गरी तथ्याङ्क समन्वय कार्यालयले छनोट गर्ने।<br>(गत आ.व. मा छनोट भएका) |
| ५ | **ANA I1**:होटल तथा रेष्टुरेण्ट | क) पाँच र चार तारे सबै होटलहरू<br>ख) अन्य तारे होटलहरूमध्ये प्रत्येक जिल्लाबाट उपलब्ध भएसम्म बढीमा ३/३ वटा<br>ग) अन्य होटल तथा रेष्टुरेण्टमध्ये तोकिएबमोजिमको सङ्ख्यामा | तथ्याङ्क समन्वय कार्यालयले छनोट गर्ने। (गत आ.व. मा छनोट भएका) |
| ६ | **ANA J1**: एफ. एम. रेडियो | प्रत्येक जिल्लाबाट १/१ वटा | तथ्याङ्क समन्वय कार्यालयले छनोट गर्ने। (गत आ.व. मा छनोट भएका) |
| ७ | **ANA J2**: केबुल टेलिभिजन | प्रत्येक जिल्लाबाट १/१ वटा | तथ्याङ्क समन्वय कार्यालयले छनोट गर्ने। (गत आ.व. मा छनोट भएका) |
| ८ | **ANA_Cop.**:सहकारी (बचत तथा ऋण) संस्था | रातकाबाट उपलब्ध गराइएको सङ्ख्या अनुसारका सहकारी संस्था | तथ्याङ्क समन्वय कार्यालयले छनोट गर्ने (गत आ.व. मा छनोट भएका) |

आ.व.२०८२/०८३ मा करिब ७५ वटा प्रतिष्ठानहरुको तथ्याङ्क संकलन तथा प्रविष्टी गरी राष्ट्रिय तथ्याङ्क कार्यालयमा पठाइएको छ।

## २.२ मूल्य तथ्याङ्क कार्यक्रम

आधिकारिक तथ्याङ्क उत्पादन गर्ने दुई सरकारी निकायहरू रा.त.का. र ने.रा.बै. ले आफ्नो आवश्यकतानुसार मूल्य सूचकाङ्क निर्माणको काम गर्दै आइरहेका छन्। रा.त.का.ले हाल त्रैमासिक रूपमा औद्योगिक उत्पादक मूल्य सूचकाङ्क (Industrial Producer Price Index-IPPI), कृषि उत्पादक मूल्य सूचकाङ्क (Agriculture Producer Price Index-APPI) र निर्माण क्षेत्रको लागत मूल्य सूचकाङ्क (Input Price Index of Construction Sector- IPICS) तयार गरी प्रकाशन गर्दै आइरहेको छ। रा.त.का.ले आ.व.२०३१/३२ मा वार्षिक सूचकाङ्कको तयारी सुरु गरेको देखिन्छ भने चौमासिक र त्रैमासिक PPI को सम्पादन क्रमश: २०५३/५४ र २०५८/५९ मा सुरु गरेको थियो। यसका साथै, अन्तर्राष्ट्रियस्तरमा वास्तविक कुल गार्हस्थ्य उत्पादन (Real Gross Domestic Product), क्रयशक्ति समता (Purchasing Power Parity-PPP) र मूल्य तह सूचकाङ्क (Price Level Index) मापनको लागि १७० भन्दा बढी देशहरूमा एकैपटक सञ्चालन हुने International Comparison Program-ICP मा नेपाल पनि सन् २००५ देखि सहभागी भई मूल्य सर्वेक्षणहरू सञ्चालन गर्दै आइरहेको छ। त्यस्तै, ने.रा. बै.ले हाल उपभोक्ता मूल्य सूचकाङ्क (Consumer Price Index-CPI), थोक मूल्य सूचकाङ्क - Wholesale Price Index- WPI), तलब तथा ज्याला दर सूचकाङ्क (Salary and Wage Rate Index- SWRI) र आयात-निर्यात मूल्य सूचकाङ्क (Import Export Price Index-IEPI) हरू नियमित रूपमा प्रकाशन गर्दै आइरहेको छ।

### २.२.१ कृषिजन्य वस्तुहरुको स्थलगत मूल्य सूचकांक तथ्याङ्क  संकलन:

नेपाल कृषि प्रधान मुलुक हो। यहाँको दुई तिहाई भन्दा बढी जनसंख्या कृषि पेशामा संलग्न छन् भने कुल ग्राहस्थ उत्पादनको एक तिहाई भन्दा बढी हिस्सा कृषि क्षेत्रको रहेको छ। तसर्थ कृषि क्षेत्रले मुलुकको आर्थिक क्षेत्रमा वार्षिक रुपमा पुर्याएको योगदान महत्वपूर्ण रहि आएको छ। कृषि क्षेत्रको योगदानको अनुमान गर्न उत्पादित कृषि वस्तुहरुको उत्पादन भएको समयको मूल्य नितान्त आवश्यक हुन्छ। कृषिजन्य वस्तुहरुको उत्पादनको आवधिक एवम् स्थान विषेशको मूल्यले राष्ट्रिय आयको अनुमान गर्न मात्र सहयोग नगरी बजारमा माग र आपूर्तिको व्यवस्थापन गर्न समेत ठूलो मद्दत गर्दछ। यसको साथ साथै कृषिक्षेत्रको नीति तथा कार्यक्रम तजुर्मा, कार्यान्वयन, अनुगमन तथा मूल्यांकन गर्न पनि कृषि वस्तुहरुको आवधिक एवम् स्थान विशेषको मूल्य अपरिहार्य हुन्छ। आ.व.२०६५/०६६ देखि साविकको केन्द्रीय तथ्याङ्क  विभाग( राष्ट्रिय तथ्याङ्क कार्यालय) को कृषि तथ्याङ्क  शाखाले प्रमुख कृषि तथा पशुपंक्षी उत्पादनको मूल्य संकलन कार्यक्रम सञ्चालन गरेको थियो। आ.व. २०६६/०६७ देखि मूल्य तथ्याङ्क शाखाले सो कार्यलाई निरन्तरता दिंदै आइरहेको छ। तथ्याङ्क समन्वय कार्यालयहरुबाट प्रमुख कृषि तथा पशुपंक्षीबाट उत्पादित वस्तुहरुको मूल्य त्रैमासिक रुपमा संकलन गरि राष्ट्रिय तथ्याङ्क  कार्यालयको मूल्य तथ्याङ्क शाखामा सफ्टकपी पठाउने गरिन्छ। कृषि सम्बन्धी मूल्य तथ्याङ्क  संकलन गर्नको लागि २ ओटा जिल्ला डोटी र बाजुराका ५/५ जना अगुवा कृषकहरु कृषिज्ञान केन्द्र कार्यालयबाट प्राप्त कृषकको सूचिबाट छनोट गरिएको छ। छानिएका कृषकहरुबाट प्रत्येक त्रैमासिकको अन्तिम महिनामा चालू त्रैमासिकको प्रत्येक महिनाको उत्पादित वस्तुहरुको स्थलगत मूल्य संकलन गरि राष्ट्रिय तथ्याङ्क  कार्यालयमा  पठाइएको छ।

### २.२.२ निर्माण क्षेत्रको लागत मूल्य सूचकांक तथ्याङ्क  संकलन

(Input Price Index of construction Sector- IPICS) निर्माण सामग्रीमा प्रयोग हुने निर्माण सामग्रीहरुको खुद्रा मूल्यमा हुने वार्षिक परिवतर्नको बारेमा जानकारी गराउने उद्देश्यले राष्ट्रिय तथ्याङ्क कार्यालयद्वारा निर्माण क्षेत्रको लागत मूल्य सूचकांकको निर्माण गरिएको हो। आधार वर्ष २०४१/०४२ लाई लिएर निर्माण गरिएको यस सूचकांकमा निर्माण सामग्रीहरु जस्तै: चिरान काठ, सिमेन्ट, ईट्टा, फलामे छड र ज्यालादर समावेश गरिएको थियो। निर्माण सामग्रीहरुको मूल्य सूचकांक (Price Index of Some Construction Materials) र निर्माण क्षेत्रको ज्याला सूचकांक (Wage Index of Construction Workers) को संयुक्त सूचकांक (Composite Index) को रुपमा निर्माण क्षेत्रको लागत मूल्य सूचकांक निर्माण गरिएको थियो।  उपयोगकर्ताको माग र सुझाव अनुसार आ.व. २०५७/०५८ देखि यो सूचकांक त्रैमासिक रुपमा निर्माण गर्न शुरु गरिएको हो। त्रैमासिक सूचकांकहरु बिन्दुगत प्रणालीमा आधारित  भएकोले वर्तमान त्रैमासिक सूचकांक अघिल्लो वर्षको सोही त्रैमासिकको मूल्यसंग तुलना गरी निर्माण गरिएको हुन्छ। बदलिंदो समयको माग अनुसार आ.व. २०६३/०६४ लाई आधार वर्ष मानेर बिन्दुगत नभई श्रेणीगत हिसाबले त्रैमासिक रुपमा सूचकांक निर्माण शुरु गरि आधार वर्षको मूल्यसँग तुलनायोग्य बनाइएको छ। निर्माण क्षेत्रको लागत मूल्य सूचकांक तयार गर्नका लागि तथ्याङ्क  कार्यालयले प्रत्येक त्रैमासिकमा नियमित रुपमा निर्माण सामग्रीहरुको खुद्रा मूल्य (बजार मूल्य) तथा निर्माण काममा संलग्न कामदारहरुको ज्यालादर सम्बन्धी विवरणहरु यस कार्यालयका कार्यक्षेत्र अन्तर्गत पर्ने  जिल्ला मध्ये डोटी र बाजुराबाट  विवरण संकलन गरी तोकिएको समयमै राष्ट्रिय तथ्याङ्क कार्यालयमा सफ्टकपी पठाउने गरिन्छ।  मूल्य संकलनका लागि छनौट गरिएका

सामग्रीहरुमा ईट्टा, ढुँगा, छड, काठ, रङ्ग, सिमेन्ट, विद्युतीय सामग्री, आदि जस्ता २७ किसिमका सामग्रीहरु छन्। यसैगरी निर्माण काममा संलग्न कामदारमा इन्जिनियर, सुपरभाइजर, डकर्मी, सिकर्मी, पेन्टर जस्ता ११ किसिमका कामदारहरुको ज्यालादर संकलन गरिन्छ। चालू आ.व. २०८२/०८३ मा यस नियमित तथ्याङ्क संकलन तथा आधार बर्ष परिवर्तन गर्न विभिन्न क्षेत्रको तथ्याङ्क संकलन गरी राष्ट्रिय तथ्याङ्क कार्यालयमा पठाइएको छ।

## २.३ नेपाल तथ्याङ्कीय रजिष्टर निर्माण

मूलत: तथ्याङ्कीय व्यावसायिक रजिष्टर खडा गर्ने कार्य राष्ट्रिय तथ्याङ्क कार्यालयको जिम्मेवारी अन्तर्गत नै पर्दछ। यसैले साविकको केन्द्रीय तथ्याङ्क विभाग अन्तर्गत आर्थिक गणना शाखाको स्थापना भई आर्थिक गणना गर्ने र व्यावसायिक रजिष्टर तयारी गर्ने कार्य यस शाखाको जिम्मेवारी अन्तर्गत पर्दछ। नेपालमा दीर्घकालीन रुपमा सुदृढ र सबल तथ्यांकीय व्यावसायिक रजिष्टर प्रणाली स्थापना गर्नका लागि आ.व. २०७१/०७२ देखी नै परीक्षणको रुपमा तथ्यांकीय व्यावसायिक रजिष्टर प्रणालीको लागि प्रशासनिक दर्ता अभिलेख र यसका आधारमा प्रत्येक दर्ता प्रतिष्ठान गणनाबाट व्यावसायिक रजिष्टर तयारी गर्ने कार्य सञ्चालन भएको थियो। आर्थिक वर्ष २०७१/०७२ मा तीन जिल्लामा,२०७२/०७३ मा सात जिल्लामा र २०७३/०७४ मा चौध जिल्लामा परीक्षणको रुपमा र २०७५/०७६ देखि देशका सम्पुर्ण जिल्लाहरुमा तथ्याङ्कीय व्यावसायिक रजिष्टर निर्माणको लागि प्रशासनिक दर्ता अभिलेख सङ्कलन कार्यको शुरुवात गरियो। कार्यक्रमको अनुभव र प्रतिवेदनका आधारमा त्यस पछिका आर्थिक वर्षहरुमा नियमित रुपमा ३३ वटा तथ्याङ्क कार्यालयहरु मार्फत् ७७ जिल्लामा वार्षिक रुपमा यसको तथ्याङ्क सङ्कलन गरि साविकको केन्द्रीय तथ्याङ्क विभागमा (रा.त.का) पठाउने गरिएको छ। विश्व अर्थतन्त्रमा जस्तै नेपालमा पनि आर्थिक क्षेत्र सम्बन्धी तथ्याङ्कको महत्व पनि बढ्दै गइरहेको हुनाले विभिन्न आर्थिक क्रियाकलापहरुमा सकृय औपचारिक वा अनौपचारिक क्षेत्रका व्यावसायिक सूचनाहरुको आवश्यकता महसुस भएको हो। विभिन्न व्यावसायिक क्षेत्रले अर्थतन्त्रमा पारेको परिवर्तनलाई उल्लेख गर्ने र सामाजिक आर्थिक विकास प्रयासहरूबाट समाजमा परेको प्रभाव, समाजमा पुग्न गएका सेवाहरू, आर्थिक क्षेत्रको विकास र विस्तारमा देशले निर्वाह गर्नुपर्ने भूमिका आदिको लागि आर्थिक तथ्याङ्क तथा सूचनाको आवश्यकतालाई मध्यनजर गरी आ.व. २०७१/०७२ बाट नियमित रुपमा यस कार्यक्रमको तथ्याङ्क संकलनलाई केहि बजेटको पनि व्यवस्था साविकको केन्द्रीय तथ्याङ्क विभागबाट गरिएको थियो। यस गणनाबाट प्राप्त तथ्याङ्कहरू आर्थिक क्षेत्रमा कार्य गर्ने औपचारिक व्यवसायहरुको सूची उपलब्ध हुने, यस तथ्याङ्कले कुनै पनि आर्थिक तथा सामाजिक क्षेत्रको तथ्यांकीय अध्ययन सर्वेक्षणहरुको फ्रेम उपलब्ध भइ समग्र तथ्याङ्कको गुणस्तर र व्यापकतामा सहयोग पुग्ने अपेक्षा गरिएको छ। साथै उपलब्ध हुने व्यावसायिक रजिष्टर सम्बन्धी तथ्याङ्कले राष्ट्रिय लेखा प्रणाली तथ्याङ्कको गुण्स्तरलाई पनि मजबुत गर्ने विश्वास गर्न सकिन्छ। यस कार्यको निरन्तरताले प्रत्येक वर्ष हरेक क्षेत्रमा संलग्न औपचारिक क्षेत्रका व्यवसायहरुको सूचीहरु अद्यावधिक हुने देखिन्छ। यसबाट प्राप्त हुने तथ्याङ्कले विभिन्न आर्थिक क्षेत्रको संरक्षण, सम्बर्धन र विकासका नीति निर्माण तथा योजना तर्जुमा र अनुगमन एवं मूल्याङ्कन गर्न उपयोगी हुनुका साथै यस क्षेत्रका अनुसन्धानकर्ताहरू, विभिन्न आर्थिक क्षेत्रका उद्योगपतिहरू, व्यवसायीहरु विद्यार्थीहरू र यस क्षेत्रमा चासो राख्ने सवै सरोकारवाला व्यक्तिहरूलाई पनि महत्वपूर्ण हुने विश्वास लिइएको छ।

आ.व. २०८२/०८३ मा राष्ट्रिय आर्थिक गणना  नै सम्पन्न भएकाले व्यावसायिक रजिष्टर अद्यावधिक गर्ने कार्य हुन सकेन।

## २.४ गोष्ठी तथा अन्तरक्रिया कार्यक्रम

तथ्याङ्क लुकाएर राख्नु पर्छ सही तथ्याङ्क दिए करको दायरामा परिन्छ भन्ने तथ्याङ्क प्रतिको गलत बुझाइ चिर्न, तथ्याङ्कको प्रयोग र आवश्यकता सम्बन्धी जानकारी दिन, तथ्याङ्कको उपयोगिता बढाउन, तथ्याङ्कको प्रयोग गरी नीति-निर्माण र निर्णय गर्न अभिप्रेरित गर्न, राष्ट्रिय तथ्याङ्क कार्यालय र अन्य निकायले उत्पादन गरेका तथ्याङ्कको बारेमा अभिमुखीकरण गर्न तथा स्थानीय निकायहरुलाई राष्ट्रिय तथ्यगत विवरणमा तथ्याङ्क प्रविष्टी गर्न अभिप्रेरित गर्न, निकट भविष्यमा हुने गणना सर्वेक्षणको लागि पृष्ठपोषण लिन लगायतका उद्देश्यहरु राखेर स्थानीय तहमा राष्ट्रिय  तथ्यगत विवरण कार्यान्वयनको समिक्षा, तथ्याङ्कीय साक्षरता कार्यक्रम, आर्थिक गणनाको तथ्याङ्क आवश्कता सम्बन्धी आदि विभिन्न प्रकारका ८ वटा गोष्ठी तथा अन्तरक्रिया कार्यक्रम यस कार्यालयले बार्षिक स्वीकृत कार्यक्रम बमोजिम  सञ्चालन गरिएकोमा करिब ३७६ जना सुसूचित भएका थिए। जसको संक्षिप्त वर्णन निम्नानुसार गरिएको छ।

### २.४.१ विभिन्न स्थानीय तहहरुमा तथ्याङ्कीय साक्षरता तथा क्षमता अभिवृद्धि कार्यक्रम संचालन गोष्ठी

तथ्याङ्कको महत्व र प्रयोगका सम्बन्धमा विभिन्न सरोकारवालाहरूलाई सचेत गराउन सकेमा तथ्यमा आधारित निर्णय तथा योजना प्रणालीको विकास गर्न सघाउ पुग्दछ।  तथ्याङ्कीय साक्षरता कार्यक्रमले सही तथ्याङ्कको प्राप्ती र यसको बैज्ञानिक प्रयोग गरी सीमित स्रोत साधनको उच्चतम प्रयोग गरी अधिकतम उपलब्धी हासिल गर्ने दिशा तर्फ उन्मुख गराउन प्रेरित गर्दछ। यसै कुरालाइ मनन् गरी आ.व. २०८२।०८३ मा यस कार्यालयमा विनियोजित बजेट तथा कार्यक्रम अनुसार ३ पटक स्थानीय तहहरूको लागि साक्षरता कार्यक्रम सञ्चालन गरिएको थियो। यस कार्यक्रमलाई थप विस्तार गर्न आवश्यक देखिन्छ। यस कार्यक्रमबाट करिब ९१ जना सहभागीहरु सुसूचित भएका थिए।

### २.४.२ आर्थिक गणनाको तथ्याङ्क  आवश्यकता विषयमा गोष्ठी

नीति, योजना तथा कार्यक्रमहरुका लागि आवश्यक पर्ने आधारभूत र उपयोगी आर्थिक तथ्याङ्कको उत्पादनका लागि आधारशीला खडा गर्न, नियमित आर्थिक तथ्याङ्कको आधार (Benchmark data) तयार गर्न, देशको तल्लो प्रशासनिक इकाइहरुको समेत आधारभूत आर्थिक तथ्याङ्क उपलब्ध गराउन, राष्ट्रिय लेखा तथ्याङ्क प्रणालीको सुदृढिकरणमा सहयोग पुर्याउन, नेपाल व्यावसायिक रजिष्टरका लागि आधारभूत तथ्याङ्क उपलब्ध गराउन, विभिन्न आर्थिक क्षेत्रहरुको सर्वेक्षणहरुको लागि भरपर्दो स्याम्पलिङ्ग फ्रेम उपलब्ध गराउन र संविधानमा व्यवस्था भएको मौलिक हकहरुको कार्यान्वयन गर्न र त्यसको मूल्यांकन गर्न नेपालममा पहिलोपटक आर्थिक गणना २०७५ सालमा सम्पन्न गरिएको थियो।  साथै दोस्रो राष्ट्रिय आर्थिक गणना, २०८२ संचालन पूर्व पनि आर्थिक गणनाको उद्देश्य बारेमा प्रष्ट पार्न र प्रचारप्रसारका  उदेश्यले दिपायल सिलगढी नगरपालिका वार्ड नम्बर ४ पिपल्ला

बजारमा एक दिवसीय गोष्ठी आयोजना गरिएको थियो, जस्मा करिब ७० जनाको उपस्थितिमा अन्तरक्रियात्मक कार्यक्रम संचालन गरिएको थियो ।

### २.४.३ सेवा प्रदायकसंग अन्तरक्रिया कार्यक्रम

राष्ट्रिय लेखा तथ्याङ्क प्रणालीलाई सहयोग पुर्याउने उद्देश्यले त्रैमासिक तथा बार्षिक रूपमा गुणस्तरीय तथ्याङ्क उपलब्ध गराउने विभिन्न व्यक्ति तथा संस्थाका प्रतिनिधिहरूसंग २०८२ साल पौष १० गते दिपायल सिलगढी नगरपालिका वार्ड नम्बर ४ मा अवस्थित स्वास्थ्य निर्देशनालयको सभाहलमा अन्तरक्रियात्मक कार्यक्रम सम्पन्न गरियो ।

### २.४.४ तथ्याङ्क दिवस

"आधिकारिक तथ्याङ्क, पारदर्शी शासन" भन्ने मूल नाराका साथ तथ्याङ्क दिवसको अवसरमा तथ्याङ्क समन्वय कार्यालय, डोटीको आयोजनामा माध्यमिक विद्यालय स्तरीय हाजिरी जवाफ प्रतियोगिता सञ्चालन गरिएको थियो। तथ्याङ्क सम्बन्धी ज्ञान, रुची तथा जागरूकता अभिवृद्धि गर्ने उद्देश्यले आयोजित उक्त प्रतियोगितामा विभिन्न नौ वटा माध्यमिक विद्यालयहरूको सहभागिता रहेको थियो।

प्रतियोगितामा **सुजङ्ग इङ्लिश बोर्डिङ्ग मोडेल स्कूल, राजपुर** प्रथम, **शहीद स्मृति आवासीय माध्यमिक विद्यालय** द्वितीय र **निजामती कर्मचारी आवासीय विद्यालय, राजपुर** तृतीय स्थान हासिल गर्न सफल भएका थिए। उक्त कार्यक्रमबाट विद्यार्थीहरूमा तथ्याङ्क तथा तथ्याङ्कको प्रयोगसम्बन्धी ज्ञान र रुची अभिवृद्धि हुनुका साथै तथ्याङ्कको महत्वबारे जनचेतना अभिवृद्धि गर्न सहयोग पुगेको थियो।

## २.५ सर्वेक्षण

### २.५.१: नेपाल स्थल यातायात सर्वेक्षण, २०८२

चालू अवस्थामा रहेका स्थल यातायात सम्बन्धी सेवा दिइरहेका सवारी साधनहरूको नेपालस्तरीय औद्योगिक वर्गीकरण (Nepal Standard Industrial Classification - NSIC) अनुसारको संरचनागत स्थिति पहिचान गर्नु, यस क्षेत्रका संलग्न जनशक्तिसम्बन्धी तथ्याङ्क उपलब्ध गराउनु, स्थल यातायात क्षेत्रले प्रदान गरेका सेवाहरूको (Central Product Classification - CPC) अनुसार तथ्याङ्क उपलब्ध गराउनु, स्थल यातायात क्षेत्रले सेवा उपलब्ध गराउँदाको लागत मूल्य (Input value), उत्पादन मूल्य (Output value) र मूल्य अभिवृद्धि (Value added) का अनुमानहरू तथा पूँजी र स्थायी सम्पत्ति सम्बन्धी तथ्याङ्क उपलब्ध गराउनु, उपलब्ध सेवा सुविधाहरूको अवस्था, दुर्घटना लगायत अन्य विविध विषयसँग सम्बन्धीत तथ्याङ्क उपलब्ध गराउनु, यस क्षेत्रमा विद्यमान समस्याहरूको पहिचान गर्नु आदि उद्देश्यहरू राखेर स्थल यातायात सर्वेक्षणमा तथ्याङ्क समन्वय कार्यालय डोटीको कार्यक्षेत्र भित्र रहेका ३ वटै जिल्लाहरूका गरी स्थल यातायात सम्बन्धी तथ्याङ्क जम्मा २५ वटा फाराम संकलन गरि राष्ट्रिय तथ्याङ्क कार्यालयमा पठाइएको छ ।

### २.५.२: निजी स्वास्थ्य संस्था सर्वेक्षण

चालू अवस्थामा रहेका निजी स्वास्थ्य संस्थाहरूको नेपालस्तरीय औद्योगिक वर्गीकरण (Nepal Standard Industrial Classification - NSIC) अनुसारको संरचनागत स्थिति पहिचान गर्नु, यस क्षेत्रका स्वास्थ्य संस्थामा

संलग्न जनशक्तिसम्बन्धी तथ्याङ्क उपलब्ध गराउनु, निजी स्वास्थ्य संस्थाले उत्पादन गरेका सेवाहरूको (Central Product Classification - CPC) अनुसार तथ्याङ्क उपलब्ध गराउनु, निजी स्वास्थ्य संस्थाहरूले सेवा उपलब्ध गराउँदाको लागत मूल्य (Input value), उत्पादन मूल्य (Output value) र मूल्य अभिवृद्धि (Value added) का अनुमानहरू तथा पूँजी र स्थायी सम्पत्ति सम्बन्धी तथ्याङ्क उपलब्ध गराउनु, निजी स्वास्थ्य संस्थाहरूमा उपलब्ध सेवा सुविधाहरूको अवस्था, भौतिक पूर्वाधार, फोहर व्यवस्थापन, दुर्घटना लगायत अन्य विविध विषयसँग सम्बन्धीत तथ्याङ्क उपलब्ध गराउनु,यस क्षेत्रमा विद्यमान समस्याहरूको पहिचान गर्नु आदि उद्देश्यहरू राखेर निजी स्वास्थ्य संस्था सर्वेक्षणमा तथ्याङ्क समन्वय कार्यालय डोटीको कार्यक्षेत्र भित्र रहेका ३ वटै जिल्लाहरूका गरी जम्मा २४ वटा निजी स्वास्थ्य संस्थाहरूको तथ्याङ्क संकलन गरि राष्ट्रिय तथ्याङ्क कार्यालयमा पठाइएको छ।

### २.५.३: राष्ट्रिय लेखा आधार बर्ष परिवर्तन सर्वेक्षण

मुलुकको समग्र विकासका लागि आर्थिक तथा सामाजिक नीति निर्माण गर्न समष्टिगत आर्थिक परिसूचकहरु आवश्यक हुन्छ। ती परिसूचकहरु विगत झण्डै ६० बर्ष देखि राष्ट्रिय तथ्याङ्क कार्यालय (साविकको केन्द्रीय तथ्याङ्क विभाग) ले तयार गरी उपलब्ध गराउदै आएको छ। राष्ट्रिय लेखा प्रणालीले निर्दिष्ट गरे अनुसार विभिन्न आर्थिक क्रियाकलापहरुको लेखाजोखा गरी कुल गार्हस्थ उत्पादन र यसमा आधारित अन्य सूचकहरु अनुमान गरिन्छ। गतिशील आर्थिक गतिविधिलाई समयसापेक्ष अध्यावधिक गरी यी सूचकहरुलाई अझ बढी भरपर्दो र विश्वसनीय बनाउने क्रममा राष्ट्रिय लेखाका अनुमानको आधार बर्षलाई कम्तिमा १० बर्षको अन्तरालमा परिवर्तन गरी वि. स. २०७७/०७८ लाई नयाँ आधार वर्ष तय गरिने भएको छ। यसका लागि अर्थतन्त्र भित्रको सम्पुर्ण आर्थिक क्रियाकलापहरुसँग सम्बन्धीत उत्पादन, आम्दानी, खर्च लगायत रोजगार सम्बन्धी विवरणहरु अत्यावश्यक हुन्छ। यस्ता विवरणहरु विभिन्न क्षेत्रका गणना /सर्वेक्षण /अध्ययनबाट संकलन गरिन्छ।

राष्ट्रिय लेखा अनुमानहरुको आधार वर्ष परिवर्तन गर्ने सन्दर्भमा गत आ.व. २०८२/०८३ मा राष्ट्रिय तथ्याङ्क कार्यालयले उपलब्ध गराएको कृषि तथा वन क्षेत्रकै हालसम्म नसमेटिएका ड्रागन, एभोकाडो, किवी, अदुवा, पुष्पखेती, माहुरीपालन, गैर काष्ठ वनपैदावार, कालिजपालन, होमस्टे, जलयातायात आदिको तथ्याङ्क संकलन गरी राष्ट्रिय तथ्याङ्क कार्यालयमा पठाइएको छ।

### २.५.४: व्यावसायिक तरकारी बाली सर्वेक्षण २०८२

मुलुकको अर्थतन्त्रमा कृषि क्षेत्रको महत्त्वपूर्ण योगदान रही आएको छ। अर्थतन्त्रमा कृषि क्षेत्रको योगदानलाई अभिवृद्धि गर्न प्रभावकारी कृषि नीति तथा योजनाको आवश्यकता हुन्छ। वस्तुपरक कृषि नीति निर्माणका लागि नियमित रूपमा कृषिसम्बन्धी तथ्याङ्कको उपलब्धता हुन आवश्यक छ। आर्थिक वर्ष २०८२/०८३ को राष्ट्रिय लेखा तथ्याङ्कको प्रारम्भिक अनुमान अनुसार कुल गार्हस्थ्य उत्पादनमा कृषि, बन तथा मत्स्यपालन क्षेत्रको योगदान २४.०३ प्रतिशत रहेको छ। आर्थिक नीति निर्माण गर्न समष्टिगत आर्थिक परिसूचकको अनुमान आवश्यक हुन्छ। समष्टिगत आर्थिक परिसूचकहरू राष्ट्रिय लेखा अनुमान मार्फत प्राप्त हुन्छन्। नेपालमा विगत छ दशक देखि राष्ट्रिय तथ्याङ् कार्यालय (साविकको केन्द्रीय तथ्याङ्क विभाग) ले वार्षिकरूपमा राष्ट्रिय लेखा अनुमान सम्बन्धी तथ्याङ्क तयार गरी उपलब्ध गराउँदै आएको छ। राष्ट्रिय लेखा प्रणालीले निर्दिष्ट गरे अनुसार विभिन्न आर्थिक क्रियाकलापहरूको लेखाजोखा गरी कुल गार्हस्थ्य उत्पादन र यसमा आधारित अन्य सूचकहरूलाई समय सापेक्ष अध्यावधिक गर्नु आवश्यक हुन्छ। यस प्रसंगमा कृषिक्षेत्रको कुल मूल्य

अभिवृद्धि (GVA) अनुमानलाई बढी भरपर्दो र यथार्थपरक वनाउन विभिन्न कृषि बालीहरूको उत्पादन लागत सम्बन्धी तथ्याङ्क आवश्यक हुन्छ । यसको अतिरिक्त, बालिको न्यूनतम समर्थन मूल्य निर्धारण, बाली बिमा, कृषि ऋण, कृषकहरूलाई कृषि सामग्रीमा अनुदान समेतको प्रयोजनको लागि उत्पादन लागत तथ्याङ्कको प्रयोग गरिन्छ । यसै परिप्रेक्ष्यमा राष्ट्रिय तथ्याङ्क कार्यालयको आर्थिक वर्ष २०८२/८३ को स्वीकृत बार्षिक कार्यकम बमोजिम "व्यावसायिक तरकारी बाली सर्भेक्षणको तथ्याङ्क संकलन गर्ने कार्यक्रम रहेको थियो। तथ्याङ्क समन्वय कार्यालय डोटीको कार्यक्षेत्र भित्र नमुना छनौटमा परेका २० वटा नमुनाको गणना गरी सबै फारामहरू रूजु गरी राष्ट्रिय तथ्याङ्क कार्यालयमा समयमै पठाइयो ।

### २.५.५: आन्तरिक पर्यटन सर्वेक्षण

नेपाल प्रकृतिक सुन्दरता, भौगोलिक विविधता, ऐतिहासिक सम्पदा तथा सामाजिक विविधता जस्ता दृष्टिले भरिपूर्ण रहेकोले देशको आर्थिक विकासमा आन्तरिक पर्यटनको ठूलो संभावना र महत्व छ। आन्तरिक पर्यटनले अर्थतन्त्रमा गहिरो प्रभाव पार्दछ। यसबाट गन्तव्य स्थानको स्थानीय आर्थिक तथा सामाजिक विकासमा सघाउ पुग्नुका साथै भ्रमणकर्ता स्वयम् पनि सुसूचित हुन्छन। पर्यटन विविध क्षेत्रसंग सम्बन्धीत हुने भएकाले आय आर्जन र रोजगारी सिर्जनाको हिसाबले आन्तरिक पर्यटन अन्तर्गतका क्रियाकलापहरुको ठुलो योगदान हुन्छ। भरपर्दो पर्यटन तथ्याङ्कबाट सरकारलाई पर्यटनसँग सम्बन्धीत बजार रणनीति तय गर्न, पर्यटन सम्बन्धी नीति तथा योजना बनाउन र अर्थतन्त्रमा पर्यटन क्षेत्रले पुर्याएको योगदानको मापन गर्न मद्धत पुग्दछ। यसरी पर्यटकीय तथ्याङ्कको आपूर्तिको लागि आन्तरिक पर्यटन सर्वेक्षण अपरिहार्य छ । यसका साथै TSA तयार गर्नको लागि आन्तरिक पर्यटनको तथ्याङ्क आवश्यक छ। गत आ.व. मा यस कार्यालयले अधिल्लो आ.व.मा सम्पन्न गर्न बांकी ३ वटा प्राथमिक छनोट एकाइ ( Primary sampling Units ) मा गई प्रत्येक एकाइको सूचिकरण गरी Systematic Sampling Method प्रयोग गरी प्रत्येक एकाइबाट १२/१२ घरपरिवारको विस्तृत विवरण संकलन गरी पठाइएको छ।

## २.६ पालिका वस्तुगत विवरण तथा प्रकाशन

खण्डीकृत तथ्याङ्क समयको माग हो। नेपालको संविधानले ७ प्रदेश, ७७ जिल्ला र ७५३ ओटा स्थानीय तहको शासकीय संरचनालाई आत्मसात गरेको सन्दर्भमा नीति, योजना तथा सालबसाली विकास कार्यक्रमहरूका लागि तत् तत् तहका वस्तुगत विवरणहरू अपरिहार्य हुन्छन्। तथ्यसम्मत निर्णय निर्माण प्रक्रियालाई संघीयदेखि स्थानीय तहसम्मका राजनैतिक तथा प्रशासनिक नेतृत्वले वकालत गरिरहेको अवस्थामा समसामयिक, भरपर्दो र खण्डीकृत तथ्याङ्कको नियमित आपूर्ति एक चुनौतीका रूपमा उभिएको छ। गणना तथा सर्वेक्षणहरू निश्चित अन्तरालमा मात्र हुने र प्रशासनिक अभिलेखहरूको न्यून प्रशोधन एवम् उपयोग हुने गरेको परिप्रेक्ष्यमा प्रत्येक वर्ष जिल्ला वा स्थानीयस्तरको वस्तुगत विवरण तयार गर्नु तत्काल सम्भव देखिन्न। जिल्लास्थित तथ्याङ्क कार्यालयहरूले विगतमा पनि आफ्नो कार्यक्षेत्रभित्रका सबै जिल्लाहरूको जिल्ला वस्तुगत विवरणहरू प्रकाशन गरेको तथ्य यहाँ स्मरणीय छ। ती प्रकाशनहरूको माग र प्रयोग स्थानीय प्रयोगकर्ताहरूबाट व्यापक रूपमा भएको अनुभव हामीसँग छ। हामीले प्रकाशन गरेका जिल्ला वस्तुगत विवरणहरूको विभिन्न क्षेत्रबाट प्रशंसा पनि हुने गरेको कुरा गर्वको विषय हो। पछिल्लो पटक तथ्याङ्क कार्यालयहरूले प्रकाशन गरेका जिल्ला वस्तुगत विवरणहरूको समयसापेक्ष प्रयोग कुनै कुनै खण्ड बाहेक समाप्तप्रायः भएको अवस्था छ। त्यसयता हामीले विभिन्न गणना तथा सर्वेक्षणहरू

सम्पन्न गरिसक्यौँ। अरू तथ्याङ्कीय निकायहरूले पनि सर्वेक्षणका नतिजाहरू प्रकाशनमा ल्याएका छन्। कतिपय स्थानीय तहहरूले पनि संविधान प्रदत्त अधिकारको प्रयोग गर्दै तथ्याङ्क उत्पादन र त्यसको अधिकतम प्रयोगतर्फ अग्रसरता देखाइरहेको पाइन्छ। केही वर्ष अगाडि नेपाल सरकारले राष्ट्रिय तथ्यगत विवरणको अवधारणा अगाडि सारेको प्रसङ्ग यहाँ स्मरणीय हुन आउँछ। राष्ट्रिय तथ्यगत विवरण पूर्णरूपमा कार्यान्वयन भएको अवस्थामा स्थानीय तहसम्मको डिजिटल प्रोफाइल उपलब्ध हुने सम्भावना पनि हामीसँग छँदै छ। संघ, प्रदेश र स्थानीय तहको सक्रिय सहभागिता र स्वामित्व प्राप्त हुन सक्यो भने राष्ट्रिय तथ्यगत विवरण कार्यक्रममार्फत् प्रदेश, जिल्ला र स्थानीय स्तरका डिजिटल प्रोफाइल पनि प्रयोगकर्ताहरूको लागि उपलब्ध हुनसक्ने देखिन्छ। तसर्थ यस कार्यालयको आ.व. २०८२/०८३ को स्वीकृत कार्यक्रम बमोजिम डोटी जिल्लाको बडिकेदार गाउँपालिका र पूर्वीचौकी गाउँपालिकाको वस्तुगत विवरण तयार गर्दा आवश्यक पर्ने तथ्याङ्क संकलन गरेर वस्तुगत विवरण सफ्टकपी कार्यालयको वेभसाइटमा समेत अपलोड गरिसकिएको छ।

# खण्ड -३: जनतालाई दिइने सेवा तथा त्यसको व्यवस्थापन

## ३.१ कार्यालयमा प्रकाशन र वितरणको व्यवस्था :

तथ्याङ्क समन्वय कार्यालय डोटीमा राष्ट्रिय तथ्याङ्क कार्यालय र तथ्याङ्क समन्वय कार्यालयहरुका प्रकाशनहरु वितरण र तथ्याङ्क उपलब्ध गराउने उद्देश्यले तथ्याङ्क प्रयोगकर्ताहरु तथा सर्वसाधारण जनताहरुको लागि पुस्तकालयको व्यवस्था गरिएको छ। कार्यालयले आफ्नो कार्यक्षेत्र भित्रका जिल्लाहरुको जिल्ला प्रोफाईल, ब्रोसर जस्ता प्रकाशन सामग्रीहरु आंफै प्रकाशन गर्ने गर्दछ भने अन्य केन्द्रीय स्तरका प्रकाशनहरु राष्ट्रिय तथ्याङ्क कार्यालयबाट प्राप्त हुने गर्दछन्। कार्यालयमा तथ्याङ्क माग गर्न आउने सेवाग्राहीहरुलाई कार्यालयको सामाजिक विकास तथा पुस्तकालय फाँटबाट नि:शुल्क रुपमा तथ्याङ्क एवं प्रकाशनहरु सहज रुपमा उपलब्ध गराउने कार्य गरिन्छ।

## ३.२ राष्ट्रिय तथ्याङ्क कार्यालयको प्रकाशनहरुको माग तथा आपूर्ती व्यवस्था

राष्ट्रिय तथ्याङ्क कार्यालय बाट प्रकाशित हुने नियमित तथा आवधिक प्रकाशनहरु राष्ट्रिय तथ्याङ्क कार्यालयको प्रकाशन वितरण तथा पुस्तकालय शाखाले यस कार्यालयमा नियमित रुपमा पठाउने गरेको छ तर कहिलेकाहीं विविध कारणले गर्दा प्रकाशनहरु ढिलो गरि आईपुग्ने गर्दछन्। राष्ट्रिय तथ्याङ्क कार्यालयको प्रकाशन वितरण तथा पुस्तकालय शाखामा सम्पर्क गरि कम भएका वा प्राप्त नभएका प्रकाशनहरु माग गर्ने पनि गरिएको छ। यसरी माग गरिएका प्रकाशनहरु राष्ट्रिय तथ्याङ्क कार्यालयबाट समेत आपूर्ती हुने गरेको छ। राष्ट्रिय तथ्याङ्क कार्यालयबाट प्राप्त हुने प्रकाशनहरुको कार्यालयमा अभिलेख समेत राख्ने गरिएको छ।

## ३.३ पुस्तकालयको स्थापना तथा प्रयोग

यस कार्यालयमा आ.व.२०८१/०८२ देखि पुस्तकालयको व्यवस्था गरिएको छ। पुस्तकालयमा राष्ट्रिय तथ्याङ्क कार्यालयबाट तथ्याङ्क समन्वय कार्यालय डोटी र अन्य तथ्याङ्क समन्वय कार्यालयबाट प्रकाशन भएका प्रकाशनहरु राखिएको छ। पुस्तकालयमा पुस्तकहरु सहज रुपमा सेवाग्राहीहरुलाई उपलब्ध गराउने र अध्ययनका लागि प्रयाप्त रुपमा फर्निचरहरुको व्यवस्था मिलाइएको छ। कार्यालय समयभित्र जुनसुकै बेला पनि पुस्तकालयमा पुस्तकहरु अध्ययन गर्न सकिन्छ।

## ३.४ कार्यालयबाट जारी भएको नागरिक बडापत्र

| क्र.सं. | सेवाका प्रकार | पेश गर्नुपर्ने कागजात | सेवा प्राप्त गर्न लाग्ने समय | लाग्ने दस्तुर | | जिम्मेवार फाँट/कर्मचारी | कै. |
|---|---|---|---|---|---|---|---|
| १. | गणना सम्बन्धीत सूक्ष्म कोरा तथ्याङ्क बिक्री | सूक्ष्म कोरा तथ्याङ्कको प्रयोगको प्रयोजन खुलाई लिखित निवेदन र निवेदकको परिचय पत्रको प्रतिलिपी | राजस्व प्राप्त भएको ३ कार्यदिन भित्र | (क) | नेपाल स्थित विद्यालय/ क्याम्पस/ विश्वविद्यालयका विद्यार्थी रु.४००० ।- | तथ्याङ्क समन्वय अधिकारी वा निजले तोकेको अधिकृत | |
| | | | | (ख) | नेपाल स्थित विद्यालय/ क्याम्पस/ विश्वविद्यालयका विद्यार्थी बाहेकअन्य नेपाली नागरिक रु ५०००।- | | |
| | | | | (ग) | सरकारी निकाय/संस्था/राष्ट्रिय गैरसरकारी संस्था | | |

| क्र.सं. | सेवाका प्रकार | पेश गर्नुपर्ने कागजात | सेवा प्राप्त गर्न लाग्ने समय | लाग्ने दस्तुर | जिम्मेवार फाँट/कर्मचारी | कै. |
|---|---|---|---|---|---|---|
| | | | | रु. ८०००।- | | |
| २. | सर्वेक्षण सम्बन्धीत सूक्ष्म कोरा तथ्याङ्क बिक्री | सूक्ष्म कोरा तथ्याङ्कको प्रयोगको प्रयोजन खुलाई लिखित निवेदन र निवेदकको परिचय पत्रको प्रतिलिपी | राजस्व प्राप्त भएको ३ कार्यदिन भित्र | (क) नेपाल स्थित विद्यालय/ क्याम्पस/ विश्वविद्यालयका विद्यार्थी रु. २५००।–<br>(ख) नेपाल स्थित विद्यालय/ क्याम्पस/ विश्वविद्यालयका विद्यार्थी बाहेकअन्य नेपाली नागरिक रु. ३०००।-<br>(ग) सरकारी निकाय/ संस्था/राष्ट्रिय गैरसरकारी संस्था रु. ५०००।- | तथ्याङ्क समन्वय अधिकारी वा निजले तोकेको अधिकृत | |
| ३. | सरकारी निकाय वा सार्वजनिक संस्थालाई तथ्याङ्क सम्बन्धी कार्यमा सहयोग गर्ने | लिखित निवेदन र निर्णयको प्रतिलिपी | | | तथ्याङ्क समन्वय अधिकारी वा निजले तोकेको अधिकृत | लाग्ने खर्च सम्बन्धीत निकाय वा संस्थाले व्यहोर्नु पर्ने |
| ४. | प्रकाशन वितरण | लिखित निवेदन र निवेदकको परिचय पत्रको प्रतिलिपी | निवेदन प्राप्त भएकै दिन | निःशुल्क | प्रशासन फाँट | |
| ५. | पुस्तकालय सेवा | परिचय खुल्ने कागजात | कार्यालय समयभित्र | निःशुल्क | प्रशासन फाँट | |

सूचना अधिकारी: तिलक पाल
सम्पर्क नम्बर: ९८५८४८६१५३
ईमेलः 2ndgentilakpal@gmail.com

तालुक निकायः राष्ट्रिय तथ्याङ्क कार्यालय
सम्पर्क नम्बरः०१- ५३४५९४६
ईमेलःinfo@nsonepal.gov.np

## ३.५ सेवा प्रवाह प्रकृया तथा व्यवस्थापन

सेवा प्राप्त गर्नको लागि सेवाग्राहीहरुले प्राविधिक तथा पुस्तकालय फाँट वा सोझै कार्यालय प्रमुखसंग समेत सम्पर्क गर्न पाउने व्यवस्था गरिएको छ। पुस्तकालयमै बसी अध्ययन गर्न चाहनेले विभिन्न संघ संस्था र कार्यालयले लिखित रुपमा पत्राचार गरे अनुसार वा व्यक्तिगत रुपमा उपस्थित भई तथ्याङ्क, प्रकाशनहरु एवं अन्य सेवा उपलब्ध गराई पाउँ भनेमा कार्यालयमा उपलब्ध भए सम्मको तथ्याङ्क तथा प्रकाशनहरु निःशुल्क उपलब्ध गराइनेछ।

# खण्ड ४: कार्यालयको आर्थिक प्रशासन विवरण

## ४.१ गत आ .व. २०८२/०८३ को बजेट, खर्च, भौतिक तथा वित्तीय प्रगति

आ.व. २०८२/०८३ मा यस कार्यलयको सञ्चालनका लागि पुँजीगत तर्फ ३ लाख ३८ र चालु तर्फ १ करोड ३५ लाख ८४ हजार ८ सय ३४ गरी जम्मा १ करोड ३९ लाख २२ हजार ८ सय ३४ बजेट विनीयोजन गरिएको थियो। पुँजीगत तर्फ विनियोजित अन्तिम बजेट मध्ये ३ लाख ३७ हजार ६ सय ४१ र चालु तर्फ ७६ लाख १४ हजार ९ सय ३० रुपैया जम्मा बजेट खर्च भएको थियो। यस कार्यालयलाई विनियोजित जम्मा बजेट मध्ये ७९ लाख ५२ हजार ५ सय ७१ बजेट खर्च भएको थियो।

### आ.व. २०८२/०८३ को बार्षिक बजेट तथा कार्यक्रम

| क्रियाकलाप | कार्यक्रम/क्रियाकलाप | खर्च शीर्षक | इकाई | बार्षिक लक्ष | | | जम्मा खर्च | बांकी रकम | बार्षिक खर्च प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | परिमाण | भार | बजेट रू. | | | |
| १.१.१.४ | रा.प. द्वितीय(स्थायी कर्मचारी) | २११११ | जना | १ | ६.६४ | ९२३००० | ३५७४२८.५० | ५६५५७१.५० | ३८.७२ |
| १.१.१.५ | रा.प. तृतीय(स्थायी कर्मचारी) | २११११ | जना | १ | ५.९६ | ८२८००० | ८२७१३५.८० | ८६४.२० | ९९.९० |
| १.१.१.६ | रा.प.अनं. प्रथम(स्थायी कर्मचारी) | २११११ | जना | ३ | १४.९० | २०७१००० | ९१७७२२.४६ | ११५३२७७.५४ | ४४.३१ |
| १.१.१.७ | रा.प.अनं.द्वितीय(स्थायी कर्मचारी) | २११११ | जना | ६ | २८.२३ | ३९२५००० | १०५५९०६.७० | २८६९०९३.३० | २६.९० |
| १.१.१.३० | का. स. पाँचौं स्तर(स्थायी कर्मचारी) | २११११ | जना | १ | ०.५८ | ८१००० | ४६०१४.६० | ३४९८५.४० | ५६.८१ |
| १.२.२.१ | महंगी भत्ता | २११३२ | जना | १२ | २.०७ | ३०७८३४ | ३०७८३३.३४ | ०.६६ | १००.०० |
| १.२.८.१ | प्रसुति स्याहार/शिशु स्याहार खर्च | २११३९ | जना | ४ | ०.१४ | २०००० | ०.०० | २००००.०० | ०.०० |
| १.२.९.३ | बैठक भत्ता | २११३९ | जना | ५ | ०.११ | १५००० | ०.०० | १५०००.०० | ०.०० |
| १.२.१०.१ | पालोपहरा खर्च | २११३९ | जना | १ | ०.०० | ० | ०.०० | ०.०० | |
| १.२.१०.२ | दशैं तिहार पालो पहरा | २११३९ | पटक | १ | ०.०२ | ३००० | २०००.०० | १०००.०० | ६६.६७ |
| १.३.१.१ | पोशाक खर्च | २११२१ | जना | १२ | ०.८६ | १२०००० | ७००००.०० | ५००००.०० | ५८.३३ |
| २.१.६.१ | टेलिफोन महशूल | २२११२ | पटक | १२ | ०.१४ | २०००० | २००००.०० | ०.०० | १००.०० |
| २.१.७.१ | इमेल इन्टरनेट | २२११२ | पटक | १२ | ०.२९ | ४०००० | ४००००.०० | ०.०० | १००.०० |

| क्रियाकलाप | कार्यक्रम/क्रियाकलाप | खर्च शीर्षक | इकाई | बार्षिक लक्ष | | | जम्मा खर्च | बांकी रकम | बार्षिक खर्च प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | परिमाण | भार | बजेट रू. | | | |
| २.१.९.१ | हुलाक कुरियर | २२११२ | पटक | १२ | ०.२६ | ३६००० | २०५८५.०० | १५४१५.०० | ५७.१८ |
| २.२.२.४ | मोबिल | २२२१२ | लिटर | ३६ | ०.१२ | १६००० | १५०००.०० | १०००.०० | ९३.७५ |
| २.२.२.३८ | इन्धन | २२२१२ | लिटर | ११७६ | १.४४ | २००००० | १८०८५६.८६ | १९१४३.१४ | ९०.४३ |
| २.४.१.९१ | कार्यालय सामान, मसलन्द | २२३११ | पटक | १२ | १.८४ | २५६००० | २५५९९१.८३ | ८.१७ | १००.०० |
| २.३.१.९ | सवारी साधन मर्मत खर्च | २२२१३ | वटा | २ | ०.५२ | ७२००० | ७१९५०.०० | ५०.०० | ९९.९३ |
| २.३.२.२१ | मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | २२२२१ | पटक | १२ | ०.५८ | ८०००० | ७९९८०.०० | २०.०० | ९९.९८ |
| २.५.७.६ | करार सेवा शुल्क पोशाक | २२४१३ | जना | १ | ०.०७ | १०००० | १००००.०० | ०.०० | १००.०० |
| २.५.७.२२ | करार कार्यालय सहयोगी | २२४१३ | जना | २ | ४.२७ | ५९३००० | ५६५७५५.०० | २७२४५.०० | ९५.४१ |
| २.५.७.२५ | शैचालय सरसफाइ | २२४१३ | जना | १ | ०.४३ | ६०००० | ६००००.०० | ०.०० | १००.०० |
| २.५.८.४ | हलुका सवारी चालक | २२४१३ | जना | १ | १.१९ | १६६००० | ०.०० | १६६०००.०० | ०.०० |
| २.५.८.७ | करारका कर्मचारीको लागि चाडवाड खर्च | २२४१३ | जना | २ | ०.३६ | ५०००० | ४९४०४.०० | ५९६.०० | ९८.८१ |
| १.६.२.१ | योगदानमा आधारित निवृत्तिभरण खर्च | २१२१२ | जना | ४ | १.२२ | १७०००० | ३८५१८.१४ | १३१४८१.८६ | २२.६६ |
| २.१.१.१ | धाराको पानी महशूल | २२१११ | पटक | १२ | ०.१९ | २६००० | २६०००.०० | ०.०० | १००.०० |
| २.१.२.९ | विद्‌युत महशूल | २२१११ | युनिट | ५०० | ०.६५ | ९०००० | ९००००.०० | ०.०० | १००.०० |
| २.१.३.१ | जारको पिउने पानी | २२१११ | जार | १२० | ०.४६ | ६४००० | ६३९९८.४० | १.६० | १००.०० |
| ८.१.३.१५ | कार्यालय संचालनका लागि घर भाडा | २८१४२ | पटक | १ | २.५९ | ३६०००० | ३६००००.०० | ०.०० | १००.०० |
| २.८.१.७ | अनुगमन मूल्यांकन खर्च | २२६११ | पटक | १०० | १.५० | २०९००० | १९३८६७.०० | १५१३३.०० | ९२.७६ |
| २.८.२.१३ | सरूवा भ्रमण खर्च | २२६१२ | जना | ८ | ०.५८ | ८०००० | ६३१००.०० | १६९००.०० | ७८.८८ |
| २.९.८.२३ | स्वागत तथा अतिथि सत्कार | २२७११ | प्रतिशत | १०० | ०.५८ | ८०००० | ७९५६०.०० | ४४०.०० | ९९.४५ |


| क्रियाकलाप | कार्यक्रम/क्रियाकलाप | खर्च शीर्षक | इकाई | बार्षिक लक्ष | | | जम्मा खर्च | बांकी रकम | बार्षिक खर्च प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | परिमाण | भार | बजेट रू. | | | |
| २.९.९.४२ | अन्य विविध खर्च | २२७११ | प्रतिशत | १०० | ०.६५ | ९०००० | ८९७२५.०० | २७५.०० | ९९.६९ |
| २.९.२.१३ | योगदानमा आधारित बीमाकोष | २१२१३ | जना | १३ | ०.४५ | ६३००० | २५०००.०० | ३८०००.०० | ३९.६८ |
| १.६.४.२ | सवारी साधन वीमा नवीकरण | २२२१४ | प्रतिशत | १०० | ०.२२ | ३०००० | १८०९७.०० | ११९०३.०० | ६०.३२ |
| १.२.१.१ | स्थानिय भत्ता | २११३१ | जना | १३ | ३.०४ | ४२३००० | १९९३६१.१९ | २२३६३८.८१ | ४७.१३ |
| ***उपभोग जम्मा*** | | | | | | ***११५७७८३४*** | ***६२००७९१*** | ***५३७७०४३*** | ***५३.५६*** |
| २.७.२५.८३६ | निर्माण क्षेत्रको सर्भेक्षणको लागि तथ्याङ्क संकलन (नियमित र नयां समेत) तथा सुपरिवेक्षण कार्य गर्ने | २२५२२ | प्रतिशत | १०० | ०.९१ | १२६००० | ११९९०१.०० | ६०९९.०० | ९५.१६ |
| २.७.२५.८३७ | कृषि तथ्याङ्क संकलन एवं संकलन तथा फिल्ड सुपरिवेक्षण | २२५२२ | प्रतिशत | १०० | ०.७८ | १०८००० | १०७७०१.०० | २९९.०० | ९९.७२ |
| २.७.२५.८३८ | कृषि उत्पादक मूल्य अन्तर्गत अगुवा कृषकहरूलाइ प्रोत्साहन खर्च् | २२५२२ | पटक | ४ | ०.३९ | ५४००० | ५४०००.०० | ०.०० | १००.०० |
| २.७.२५.८३९ | त्रैमासिक रा.लेखा तथ्याङ्क संकलन तथा सुपरिवेक्षण | २२५२२ | प्रतिशत | १०० | १.३१ | १८२००० | १६२४७१.०० | १९५२९.०० | ८९.२७ |
| २.७.२५.८४० | बार्षिक रा.लेखा तथ्याङ्क संकलन | २२५२२ | प्रतिशत | १०० | ०.४५ | ६२००० | ६२०००.०० | ०.०० | १००.०० |
| २.७.२५.८४४ | नेपाल व्यवसायिक तरकारी बाली सूचीकरण कार्यको स्थलगत तथ्याङ्क संकलन तथा सुपरिवेक्षण | २२५२२ | प्रतिशत | १०० | ०.९४ | १३०००० | १२९९८२.०० | १८.०० | ९९.९९ |
| २.७.२५.८४५ | नेपाल व्यवसायिक तरकारी बाली मुख्य कार्यको लागि करार जनशक्ति (२ महिनाका लागि) | २२५२२ | जना | २ | ०.६८ | ९५००० | ८६८०४.०० | ८१९६.०० | ९१.३७ |
| २.७.२५.८४६ | नेपाल व्यवसायिक तरकारी बाली सूचीकरण कार्यको मुख्य फिल्ड कार्य तथा सुपरिवेक्षण | २२५२२ | प्रतिशत | १०० | ०.९४ | १३०००० | ४२००.०० | १२५८००.०० | ३.२३ |
| २.७.२५.८४४ | निजी स्वास्थ्य संस्था सर्भेक्षण सूचीकरण कार्यको स्थलगत तथ्याङ्क संकलन तथा सुपरिवेक्षण | २२५२२ | प्रतिशत | १०० | ०.१२ | १६००० | १५८१७.०० | १८३.०० | ९८.८६ |
| २.७.२५.८४६ | निजी स्वास्थ्य संस्था सर्भेक्षण मुख्य फिल्ड कार्य तथा सुपरिवेक्षण | २२५२२ | प्रतिशत | १०० | ०.१३ | १८००० | १६१३१.०० | १८६९.०० | ८९.६२ |
| २.७.२५.८५६ | आन्तरिक पर्यटक सर्भेक्षणको स्थलगत तथ्याङ्क संकलन तथा सुपरिवेक्षण | २२५२२ | प्रतिशत | १०० | ०.७३ | १०१००० | ९४४०९.०० | ६५९१.०० | ९३.४७ |
| २.७.२५.८४४ | स्थलगत यातायात सर्भेक्षण २०८२ सूचीकरण कार्यको स्थलगत तथ्याङ्क संकलन तथा सुपरिवेक्षण | २२५२२ | प्रतिशत | १०० | ०.२२ | ३१००० | ३०९८३.०० | १७.०० | ९९.९५ |

| क्रियाकलाप | कार्यक्रम/क्रियाकलाप | खर्च शीर्षक | इकाई | बार्षिक लक्ष | | | जम्मा खर्च | बांकी रकम | बार्षिक खर्च प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | परिमाण | भार | बजेट रू. | | | |
| २.७.२५.८४५ | स्थलगत यातायात सर्भेक्षण २०८२ सूचीकरण कार्यको लागि करार जनशक्ति (२ महिनाका लागि) | २२५२२ | जना | २ | ०.९१ | १२६००० | ८७२२४.०० | ३८७७६.०० | ६९.२३ |
| २.७.२५.८४६ | स्थलगत यातायात सर्भेक्षण २०८२ को मुख्य फिल्ड कार्य तथा सुपरिवेक्षण | २२५२२ | प्रतिशत | १०० | ०.४८ | ६७००० | ५५६३७.०० | ११३६३.०० | ८३.०४ |
| २.६.६.१८ | तथ्याङ्क प्रदायक संस्था/ व्यक्तिहरूसंग अन्तरक्रिया कार्यक्रम | २२५२२ | पटक | १ | ०.४१ | ५७००० | १५४००.०० | ४१६००.०० | २७.०२ |
| २.७.२५.८५८ | आर्थिक गणनाको लागि गणना क्षेत्र नक्सा सम्बन्धी भेरीफिकेशन तथ सुपरिवेक्षण | २२५२२ | प्रतिशत | १०० | ०.२६ | ३६००० | ०.०० | ३६०००.०० | ०.०० |
| २.७.२५.८५९ | तथ्याङ्क दिवस मनाउने | २२५२२ | पटक | १ | ०.३२ | ४५००० | ४५०००.०० | ०.०० | १००.०० |
| २.७.२५.८६० | बार्षिक प्रगति प्रतिवेदन ( विद्युतिय प्रति) तयारी छलफल | २२५२२ | पटक | ४ | ०.३२ | ४५००० | ६०००.०० | ३९०००.०० | १३.३३ |
| २.७.२५.९१० | स्थानिय तहहरूमा तथ्याङ्कीय साक्षरता कार्यक्रम | २२५२२ | स्थानिय तह | ५ | १.९४ | २७०००० | १५८०३०.०० | १११९७०.०० | ५८.५३ |
| २.७.२५.९१२ | पालिका प्रोफाइल ( विद्युतिय प्रति) तयारीको लागि तथ्याङ्क संकलन र सुपरिवेक्षण | २२५२२ | स्थानिय तह | २ | १.२९ | १८०००० | १०२३२५.०० | ७७६७५.०० | ५६.८५ |
| २.७.२५.९१३ | तथ्याङ्क उत्पादन सम्बन्धी बिभिन्न कार्यहरू | २२५२२ | प्रतिशत | १०० | ०.०६ | ९००० | ०.०० | ९०००.०० | ०.०० |
| २.८.१.१३१ | स्थानिय तहमा राष्ट्रिय तथ्यगत विवरण अद्यावधिक कार्यको अनुगमन | २२६११ | स्थानिय तह | १६ | ०.५३ | ७४००० | ६०१२४.०० | १३८७६.०० | ८१.२५ |
| २.७.२५.८४६ | अस्थायी बालीको उत्पादन लागत अध्ययनको मुख्य फिल्ड कार्य तथा सुपरिवेक्षण कार्य | २२५२२ | प्रतिशत | १०० | ०.३२ | ४५००० | ०.०० | ४५०००.०० | ०.०० |
| ***कार्यक्रम जम्मा*** | | | | | | ***२००७०००*** | ***१४१४१३९*** | ***५९२८६१*** | ***७०.४६*** |
| ११.३.२२.४७ | कार्यालय संचालनका लागि आवश्यक मेशिनरी खरीद ( एसी, कुलर इन्भर्टर र पंखा आदि) | ३११२२ | पटक | ४ | ०.६६ | ९२००० | ९२०००.०० | ०.०० | २१७.०० |
| ११.६.१३.४२ | कार्यालयको लागि फर्निचर तथा फिक्चर्स | ३११२३ | प्रतिशत | १०० | ०.३३ | ४६००० | ४६०००.०० | ०.०० | २००.०० |
| ११.१.३.२ | कार्यालयका भवन रंगरोगन, मर्मत, पार्टेशन, वायरिङ तथा सुधार | ३११६१ | पटक | १ | १.४४ | २००००० | १९९६४१.०० | ३५९.०० | २३.०० |
| ***पूंजीगत जम्मा*** | | | | | | ***३३८०००*** | ***३३७६४१*** | ***३५९*** | ***९९.८९*** |

| क्रियाकलाप | कार्यक्रम/क्रियाकलाप | खर्च शीर्षक | इकाई | बार्षिक लक्ष | | | जम्मा खर्च | बांकी रकम | बार्षिक खर्च प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | परिमाण | भार | बजेट रू. | | | |
| ***कूल जम्मा*** | | | | | | ***१३९२२८३४*** | ***७९५२५७१*** | ***५९७०२६३*** | ***५७.१२*** |

नोटः चालू कार्यक्रम अन्तर्गत ३ वटा कार्यक्रम ( आर्थिक गणनाको लागि गणना क्षेत्र नक्सा सम्बन्धी भेरीफिकेशन तथा सुपरिवेक्षण, तथ्याङ्क उत्पादन सम्बन्धी बिभिन्न कार्यहरू र अस्थायी बालीको उत्पादन लागत अध्ययनको मुख्य फिल्ड कार्य तथा सुपरिवेक्षण कार्य) राष्ट्रिय तथ्याङ्क कार्यालयबाट LMBIS Entry भएका तर स्पष्ट निर्देशन प्राप्त नभएका कारण संचालन हुन नसकेका ।

## ४.२ चालु बजेट र खर्च, कार्यक्रम बजेट र खर्च पुँजीगत बजेट र खर्च स्तम्भ ग्राफ चित्रमा



## ४.३ बेरुजुको अवस्था

कार्यालय संचालनको सिलसिलामा यस कार्यालयमा हुन गएका विभिन्न बेरुजुहरु समयमै कारबाहि चलाई फछ्र्यौट गरिएको छ। कार्यालय स्थापना देखिका बेरुजुहरु नियमित गर्नुपर्ने भए नियमित र असुल गर्नु पर्ने असुल उपर गराई लगत कट्टा गराई पञ्जीकरण गर्ने कार्य वार्षिक रुपमा हुदै आएको छ। विभिन्न आर्थिक वर्षहरुमा औंल्याएका बेरुजु शिर्षकहरु उपर यस कार्यालयबाट आवश्यक कारवाही गरि समपरीक्षण भै सकेका छन्। गत आ.व.२०८२/०८३ का सम्पूर्ण श्रेस्ताहरुको आन्तरिक लेखा परीक्षण गर्दा बेरुजु नरहेको।

## ४.४ कार्यक्रम अनुगमन तथा सुपरीवेक्षण

यस कार्यालयबाट सञ्चालन गरिने बार्षिक कार्यक्रमका फिल्ड कार्यहरुको अनुगमन तथा सुपरिवेक्षण नियमित रुपमा गरिदै आएको छ । फिल्ड निरीक्षणमा गणक कर्मचारी तथा उत्तरदाता दुवै संग प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सम्पर्क राखि गर्ने गरिएको छ। राष्ट्रिय तथ्याङ्क कार्यालयबाट सञ्चालन गरिने कार्यक्रमका फिल्ड कार्यहरुको पनि निर्देशनानुसार निरीक्षण यस कार्यालयले गर्दै आएको छ र राष्ट्रिय तथ्याङ्क कार्यालयबाट कतिपय कार्य सम्पादनको सिलसिलामा फिल्ड निरीक्षणका लागि आएका निरीक्षकहरुलाइ फिल्ड निरीक्षणमा सहयोगीको भूमिका समेत यस कार्यालयले खेल्दै आएको छ।

राष्ट्रिय तथ्याङ्क कार्यालय तथा अन्य निकायबाट कामको सिलसिलामा तथा कार्यालयकै कार्य सम्पादनको निरीक्षणका लागि यस कार्यालयमा पाल्नु भएका निरीक्षणकर्ताहरुको विवरण र सुझाव तथा प्रतिक्रियाहरु यस प्रकार रहेका छन्।

<table>
<tr><th>सि.न.</th><th>निरीक्षण मिति</th><th>निरीक्षणकर्ता</th><th>पद</th><th>उद्देश्य</th><th>सुझाव तथा प्रतिक्रियाहरु</th></tr>
<tr><td>१.</td><td>२०८३-०१-२९</td><td>डा. हेमराज रेग्मी</td><td>प्रदेश सचिव, सामाजिक विकास मन्त्रालय(सु.प.)</td><td>कार्यालयको अनुगमन</td><td>चारपांग्रे सवारीसाधनको आवश्यकता महशुस</td></tr>
<tr><td rowspan="2">२.</td><td rowspan="2">२०८३/०२/०६</td><td>शान्त्वना शर्मा</td><td>निर्देशक</td><td rowspan="2">राष्ट्रिय आर्थिक गणना, २०८२ को अनुगमन</td><td rowspan="6">कार्यालयको व्यवस्थापन सन्तोषजनक भएको। चारपांग्रे सवारी साधनको अभाव<br>कार्यक्षेत्र विकट र चारपाङ्ग्रे सवारी साधनको अभाव</td></tr>
<tr><td>शारदा शर्मा</td><td>त.अ.</td></tr>
<tr><td rowspan="4">३.</td><td rowspan="4">२०८३।०३।१०</td><td>कल्पना घिमिरे नेपाल</td><td>प्र.जि.अ.</td><td rowspan="4">जिल्ला आर्थिक गणना समन्वय समितिको बैठक</td></tr>
<tr><td>सागर बोहरा</td><td>प्रहरी उपरीक्षक</td></tr>
<tr><td>शेर बहादुर बिष्ट</td><td>प्र.को.नि.</td></tr>
<tr><td>ललित नारायण चौधरी</td><td>प्र.अ.अ.</td></tr>
</table>

# खण्ड -५ कार्यालयको भौतिक अवस्था

## ५.१ कार्यालयको भौतिक पूर्वाधार :

यस तथ्याङ्क समन्वय कार्यालय डोटीको नाममा आफ्नै जग्गा र भवन रहेको छ र २.५ तलाको नयाँ भवन बन्ने प्रक्रियामा रहेको छ। हाललाई डोटी जिल्लाको दिपायल सिलगढी नगरपालिकाको वडा न.४ राजपुर स्थित आफ्नै भवनमा कार्यालय सञ्चालन भइरहेको छ। सवारी साधनमा कार्यालयमा ३ वटा मोटरसाइकल र एउटा स्कुटर चालु अवस्थामा रहेका छन्। भौगोलिक विकटताले गर्दा तथ्याङ्क संकलन तथा अनुगमन र सुपरिवेक्षण गर्ने प्रयोजनको लागि हाल रहेका सवारी साधनहरु क्षमता अपुग र थप सवारी साधनको आवश्यकता महशुस गरिएको छ। सघन शहरी तथा भवन निर्माण आयोजना कार्यालय डोटीको आर्थिक तथा प्राविधिक सहयोगमा अढाइ तले कार्यालय भवन निर्माण कार्य भैरहेको छ।

## ५.२ सम्पत्ति तथा जिन्सी मालसमानको विवरण र अवस्था

| क.स. | सम्पति तथा जिन्सी मालसामानको | | | गत आ.व. सम्मको मौज्दात | | चालु आ.व. मा आम्दानि | | चालु आ.व.मा खर्च | | | | मौज्दात बाँकी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | संकेत नं. | नाम | एकाई | परिमाण | जम्मा मूल्य | परिमाण | जम्मा मूल्य | परिमाण | जम्मा मूल्य | | परिमाण | जम्मा मूल्य |
| १ | 611121100001 | कार्यालय भवन | पिस/थान | १ | २१९९८७४.८ | 0 | 0 | 0 | | 0 | १ | २१९९८७४.८ |
| २ | 611211600001 | मोटर साइकल | पिस/थान | 3 | 533,639.00 | 0 | 0 | 0 | | 0 | 3 | 533,639.00 |
| ३ | 611211600002 | कुटर | पिस/थान | 1 | 180,000.00 | 0 | 0 | 0 | | 0 | 1 | 180,000.00 |
| ४ | 611221100001 | डेस्कटप कम्प्युटर | पिस/थान | 14 | 566,888.52 | 0 | 0 | 0 | | 0 | 14 | 566,888.52 |
| ५ | 611221200001 | ल्यापटप | पिस/थान | 13 | 877,488.73 | 0 | 0 | 0 | | 0 | 13 | 877,488.73 |
| ६ | 611221200003 | ट्याब्लेट | पिस/थान | 4 | 36,781.40 | 0 | 0 | 0 | | 0 | 4 | 36,781.40 |
| ७ | 611221500001 | फोटोकपी मेशिन | पिस/थान | 1 | 29,499.99 | 0 | 0 | 0 | | 0 | 1 | 29,499.99 |
| ८ | 611221600001 | टेलिभिजन | पिस/थान | 1 | 24,690.00 | 1 | 48,002.40 | 0 | | 0 | 2 | 72,692.40 |
| ९ | 611221600002 | टेलिफोन | पिस/थान | 2 | 3,501.00 | 0 | 0 | 0 | | 0 | 2 | 3,501.00 |
| १० | 611221600018 | डिस होम सेट | पिस/थान | 1 | 4,000.00 | 0 | 0 | 0 | | 0 | 1 | 4,000.00 |
| ११ | 611221600032 | LED Display | पिस/थान | 1 | 5,650.00 | 0 | 0 | 0 | | 0 | 1 | 5,650.00 |
| १२ | 611221600134 | मोबाईल सेट | पिस/थान | 1 | 18,000.00 | 0 | 0 | 0 | | 0 | 1 | 18,000.00 |
| १३ | 611221800001 | प्रिन्टर | पिस/थान | 11 | 262,320.62 | 2 | 67,065.50 | 0 | | 0 | 13 | 329,386.12 |
| १४ | 611221900001 | प्रोजेक्टर | पिस/थान | 4 | 216,396.00 | 0 | 0 | 0 | | 0 | 4 | 216,396.00 |
| १५ | 611221900003 | अन्य कम्प्युटर उपकरण | पिस/थान | 1 | 4,746.00 | 0 | 0 | 0 | | 0 | 1 | 4,746.00 |
| १६ | 611221900041 | Network Video Recorder (NVR) | पिस/थान | 1 | 22,600.00 | 0 | 0 | 0 | | 0 | 1 | 22,600.00 |
| १७ | 611221900067 | HDD | सेट | 1 | 20,905.00 | 0 | 0 | 0 | | 0 | 1 | 20,905.00 |
| १८ | 611222100002 | सिलिंग पंखा | पिस/थान | 9 | 17,600.00 | 0 | 0 | 0 | | 0 | 9 | 17,600.00 |
| १९ | 611222100008 | याकुम क्लिनर | पिस/थान | 2 | 26,190.00 | 0 | 0 | 0 | | 0 | 2 | 26,190.00 |
| २० | 611222100010 | ब्याट्री(Battery BDC) | पिस/थान | 4 | 119,999.99 | 0 | 0 | 0 | | 0 | 4 | 119,999.99 |
| २१ | 611222100019 | पावर ब्याकअप सिस्टम | पिस/थान | 2 | 10,170.00 | 0 | 0 | 0 | | 0 | 2 | 10,170.00 |
| २२ | 611222100036 | आइरन | पिस/थान | 1 | 1,420.00 | 0 | 0 | 0 | | 0 | 1 | 1,420.00 |
| २३ | 611222100037 | इन्भर्टर | पिस/थान | 2 | 95,000.00 | 0 | 0 | 0 | | 0 | 2 | 95,000.00 |

| क.स. | सम्पति तथा जिन्सी मालसामानको | | | गत आ.व. सम्मको मौज्दात | | चालु आ.व. मा आम्दानि | | चालु आ.व.मा खर्च | | | | मौज्दात बाँकी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | संकेत नं. | नाम | एकाई | परिमाण | जम्मा मूल्य | परिमाण | जम्मा मूल्य | परिमाण | जम्मा मूल्य | | परिमाण | जम्मा मूल्य |
| २४ | 611222100073 | मोटर (पानी तान्ने) | पिस/थान | 1 | 7,684.00 | 0 | 0 | 0 | | 0 | 1 | 7,684.00 |
| २५ | 611222100179 | Electric water Boiler | पिस/थान | 0 | 0 | 2 | 12,995.00 | 0 | | 0 | 2 | 12,995.00 |
| २६ | 611222100233 | ए.सी | पिस/थान | 3 | 240,012.00 | 0 | 0 | 0 | | 0 | 3 | 240,012.00 |
| २७ | 611222100235 | सिसि. क्यामरा | पिस/थान | 6 | 37,290.00 | 0 | 0 | 0 | | 0 | 6 | 37,290.00 |
| २८ | 611222100242 | हेलोजन हिटर | पिस/थान | 1 | 2,500.00 | 0 | 0 | 0 | | 0 | 1 | 2,500.00 |
| २९ | 611222100266 | Refrigerator | पिस/थान | 1 | 33,900.00 | 0 | 0 | 0 | | 0 | 1 | 33,900.00 |
| ३० | 611222200085 | ट्रली स्पिकर | पिस/थान | 0 | 0 | 1 | 19,800.00 | 0 | | 0 | 1 | 19,800.00 |
| ३१ | 611223500001 | टेवुल | पिस/थान | 25 | 119,670.60 | 2 | 46,000.04 | 0 | | 0 | 27 | 165,670.64 |
| ३२ | 611223500002 | कुर्चि | पिस/थान | 12 | 19,420.00 | 0 | 0 | 0 | | 0 | 12 | 19,420.00 |
| ३३ | 611223500006 | सोफासेट | पिस/थान | 5 | 82,992.70 | 0 | 0 | 0 | | 0 | 5 | 82,992.70 |
| ३४ | 611223500009 | स्टिल दराज | पिस/थान | 10 | 144,864.00 | 0 | 0 | 0 | | 0 | 10 | 144,864.00 |
| ३५ | 611223500011 | रिभलविंगचेयर | पिस/थान | 12 | 176,664.00 | 1 | 22,374.00 | 0 | | 0 | 13 | 199,038.00 |
| ३६ | 611223500013 | टि टेबल | पिस/थान | 11 | 11,471.50 | 0 | 0 | 0 | | 0 | 11 | 11,471.50 |
| ३७ | 611223500014 | कम्प्युटर टेबल | पिस/थान | 2 | 2 | 0 | 0 | 0 | | 0 | 2 | 2 |
| ३८ | 611223500018 | खाट पलङ लोबेड | पिस/थान | 11 | 66,953.00 | 0 | 0 | 0 | | 0 | 11 | 66,953.00 |
| ३९ | 611223500019 | र्याक | पिस/थान | 4 | 16,000.00 | 0 | 0 | 0 | | 0 | 4 | 16,000.00 |
| ४० | 611223500020 | बुक सेल्फ | पिस/थान | 5 | 115,206.00 | 0 | 0 | 0 | | 0 | 5 | 115,206.00 |
| ४१ | 611223500021 | इस्टुल | पिस/थान | 2 | 310 | 0 | 0 | 0 | | 0 | 2 | 310 |
| ४२ | 611223500026 | काठको दराज | पिस/थान | 5 | 5 | 0 | 0 | 0 | | 0 | 5 | 5 |
| ४३ | 611223500028 | स्टील दराज | पिस/थान | 7 | 75,968.00 | 0 | 0 | 0 | | 0 | 7 | 75,968.00 |
| ४४ | 611223500031 | अन्य फर्निचर | पिस/थान | 3 | 3,350.00 | 0 | 0 | 0 | | 0 | 3 | 3,350.00 |
| ४५ | 611223500041 | किचेन र्याक Kitchen Rack ) | पिस/थान | 1 | 7,454.61 | 0 | 0 | 0 | | 0 | 1 | 7,454.61 |
| ४६ | 611223500056 | भिजिटर चेयर (Visitor Chair) | पिस/थान | 2 | 10,170.00 | 0 | 0 | 0 | | 0 | 2 | 10,170.00 |
| ४७ | 611223500099 | म्याट्रेस | पिस/थान | 1 | 11,865.00 | 0 | 0 | 0 | | 0 | 1 | 11,865.00 |
| ४८ | 611223900004 | पानी फिल्टर | पिस/थान | 1 | 2,500.00 | 0 | 0 | 0 | | 0 | 1 | 2,500.00 |
| ४९ | 611223900008 | नेम प्लेट | पिस/थान | 1 | 2,500.00 | 0 | 0 | 0 | | 0 | 1 | 2,500.00 |
| ५० | 611223900025 | गेटहरु | पिस/थान | 0 | 0 | 1 | 62,138.70 | 0 | | 0 | 1 | 62,138.70 |
| ५१ | 611223900029 | टयांकी | पिस/थान | 5 | 50,300.75 | 0 | 0 | 0 | | 0 | 5 | 50,300.75 |
| ५२ | 611223900035 | ग्यास सिलिन्डर | पिस/थान | 3 | 14,530.00 | 0 | 0 | 0 | | 0 | 3 | 14,530.00 |
| ५३ | 611223900036 | घडी(भित्ते/टेबुल) | पिस/थान | 1 | 450 | 0 | 0 | 0 | | 0 | 1 | 450 |
| ५४ | 611223900041 | बोर्ड(कार्यालय, कार्यालय प्रमुख, अन्य) | पिस/थान | 2 | 2,426.00 | 0 | 0 | 0 | | 0 | 2 | 2,426.00 |
| ५५ | 611223900042 | ग्यास चुलो | पिस/थान | 1 | 1 | 0 | 0 | 0 | | 0 | 1 | 1 |

## ५.३ तथ्याङ्क समन्वय कार्यालय डोटीमा रहेका मुख्य खप्ने जिन्सी सामग्रीहरुको विवरण

| सि.नं. | सामग्रीको नाम | ईकाई | संख्या | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | चालु अवस्थामा रहेको | मर्मत गर्नुपर्ने | लिलाम | जम्मा | |
| १ | मोटर साइकल | थान | ३ | ० | ० | ३ | |
| २ | स्कुटर | थान | १ | ० | ० | १ | |
| ३ | डेस्कटप कम्प्युटर | सेट | ८ | ३ | ३ | १४ | |
| ३ | ल्यापटप | थान | ८ | ३ | २ | १३ | |
| ५ | टयावलेट | थान | ० | ० | ४ | ४ | |
| ६ | सि.सि. क्यामेरा | सेट | ६ | ० | ० | ६ | |
| ७ | प्रिन्टर | थान | ९ | ४ | ० | १३ | |
| ८ | प्रोजेक्टर | थान | २ | २ | ० | ४ | |
| ९ | ए.सी. | थान | ३ | ० | ० | ३ | |
| १० | भ्याकुम क्लिनर | थान | १ | १ | ० | १ | |
| ११ | ब्याट्री | थान | ० | ४ | ० | ४ | |
| १२ | आइरन | थान | ० | ० | १ | १ | |
| १३ | इन्भर्टर | थान | १ | ० | १ | २ | |
| १४ | टेबुल | थान | १९ | ८ | ० | २७ | |
| १५ | टि-टेवुल | थान | ८ | ३ | ० | ११ | |
| १६ | रिभल्विङ्ग चियर | थान | ८ | ५ | ० | १३ | |
| १७ | स्टिल दराज | थान | १० | ६ | १ | १७ | |
| १८ | खाट/ पलङ्ग | थान | ६ | ५ | ० | ११ | |
| १९ | सोफासेट | सेट | ३ | २ | ० | ५ | |
| २० | र्‍याक | थान | २ | २ | ० | ४ | |
| २१ | पंखा | सेट | ७ | २ | ० | ९ | |
| २२ | हाजिर मेसिन | थान | १ | ० | ० | १ | |
| २३ | फ्रिज | थान | १ | ० | ० | १ | |

## खण्ड-६: कार्यालयका समस्या र समाधानका उपायहरु

### ६.१ कार्यालयका मौजुदा समस्या

- ✓ सेवाग्राहीको आवश्यकता र माग अनुसारका खण्डिकृत तथ्याङ्क (वडा स्तरका ) अपेक्षित रुपमा उपलब्ध गराउन नसकिएको ,
- ✓ तथ्याङ्कको महत्व र भूमिका बारे जनमानसमा अनभिज्ञता रहनुले तथ्याङ्क संकलन कार्यमा अफ्ठेरो परेको,
- ✓ तथ्याङ्क संकलन तथा व्यवस्थापनका लागि आर्थिक स्रोतको अपर्याप्तता,
- ✓ तथ्याङ्क समन्वय कार्यालय तथ्याङ्क संकलन कार्यमा मात्र सीमित रहेकोले जिल्लामा कार्यालयको पहिचान राम्रो संग गर्न नसकिएको,
- ✓ अन्य सरकारी निकायहरुले पनि आफु खुशी तथ्याङ्क उत्पादन गर्ने भएकाले सरकारी तथ्याङ्कमै दोहोरोपन देखिएको । अन्य निकायबाट प्रकाशन गरेको तथ्याङ्क राष्ट्रिय तथ्याङ्क कार्यालयले प्रकाशन गर्ने तथ्याङ्क मा ठूलो अन्तर देखिएको र ती निकायका बीच तथ्याङ्क समन्वय कार्यालयले समेत समन्वय गर्न कठिनाई भएको,
- ✓ आर्थिक अभावले तथ्याङ्क अद्यावधिक गर्ने कार्य नियमित हुन नसकेको ,
- ✓ तथ्याङ्क सम्बन्धी कम्प्युटर सफ्टवेयर (CSPro , SPSS , GIS ) को गहिरो ज्ञान सबै कर्मचारीमा नहुनाले कर्मचारीको प्राविधिक व्यक्तित्व विकास हुन नसकी तथ्यांकीय दक्षतामा कमि महशुस गरिएको ,
- ✓ योजना, नीति निर्माण, अनुगमन तथा मुल्याङ्कन जस्ता कार्यहरुमा तथ्याङ्कले कम प्राथमिकता पाउनु,
- ✓ तथ्याङ्क ऐन, नियमहरुका प्रावधानहरुको बारेमा सरोकारवालाहरुमा अनभिज्ञता रहनु,
- ✓ विशेष गरी आर्थिक क्षेत्र (उद्योग, ब्यापार, आम्दानी खर्च) संग सम्बन्धीत तथ्याङ्क मा तथ्याङ्क दाताले सही तथ्याङ्क नदिनु र दिन हिच्किचाउनु ,
- ✓ तथ्याङ्कीय कार्यको लागि स्थानीय स्तरमा खासै लगानी नहुनु र पर्याप्त बजेटको अभाव रहनु साथै बजेट निर्धारण गर्दा तथ्याङ्क क्षेत्रले न्यून महत्व पाउनु,
- ✓ कार्यक्रम सञ्चालन दिग्दर्शनको अभाव,
- ✓ कर्मचारीहरुको कार्यविवरण नहुनु,
- ✓ उत्तरदाताहरुमा बढी अपेक्षा तथा नैराश्यता,
- ✓ यस कार्यालयको कार्यक्षेत्र पहाड देखि विकट हिमाली क्षेत्रसम्म फैलिएकाले तथ्याङ्क संकलन, अनुगमन सुपरिवेक्षण तथा गोष्ठी कार्यक्रम गर्न कठिनाई रहेको,
- ✓ NDP कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन हुन नसकेको,
- ✓ चार पांग्रे सवारी साधनको अभावले गर्दा कार्यक्षेत्रका विकट एरियामा सहज पहुंच नभएको,
- ✓ विभिन्न सरकारी कार्यालयसंग समन्वय गरी गाडी व्यवस्थापनको प्रयास गरिएको तर यो प्रकृयाले आर्थिक मितव्ययिता कायम हुन नसकेको।

### ६.२ समस्या समाधानका उपायहरु

- ✓ कार्यालयका कर्मचारीहरुलाई प्रशासनिक तालिमको साथसाथै तथ्याङ्क सम्बन्धी कम्प्युटर तालिम र सेवाकालीन तलिमको व्यवस्था गर्नुपर्छ ,

- ✓ केन्द्रबाटै नीतिगत सहमति गरी जि.स.स. र तथ्याङ्क समन्वय कार्यालयबीच समन्वयका लागि पहल गर्नुपर्ने। यसबाट दुई निकाय बीचको तथ्याङ्कीय दोहोरोपना हटाउन सकिन्छ,
- ✓ स्थानीय स्तरमा तथ्याङ्क सम्बन्धी जानकारीका लागि तालिम, सचेतना गोष्ठी तथा प्रयोग सम्बन्धी कार्यक्रमको विस्तार हुनु पर्दछ,
- ✓ स्थानीय स्तरको माग अनुसार तथ्याङ्क उपलब्ध गराउन सो अनुसारको सर्वेक्षण गरिनु पर्दछ,
- ✓ जिल्लामा रहेको तथ्याङ्क समन्वय समितिले सक्रियरुपमा भूमिका खेल्नु पर्दछ सोका लागि उचित व्यवस्थापन गरिनु पर्दछ ,
- ✓ तथ्याङ्क समन्वय कार्यालयको पुँजीगत सुधार गरिनु पर्दछ,
- ✓ स्थानिय स्तरको तथ्याङ्क जिल्लामै उत्पादन तथा वितरण गर्ने व्यवस्था मिलाइनु पर्दछ,
- ✓ तथ्याङ्क कार्यालयका कर्मचारीको मनोबल उच्च राख्नका लागि राष्ट्रिय तथ्याङ्कबाट वैदेशिक भ्रमण शैक्षिक तालिम/अध्ययन भ्रमणका लागि हुने मनोनयनमा उच्च प्राथमिकता दिनु पर्दछ,
- ✓ तथ्याङ्क ऐन २०७९ मा भएका व्यवस्थाहरु यथाशिघ्र लागु गर्नु पर्दछ,
- ✓ क्याम्पस र विद्यालयस्तरीय तथ्याङ्क सम्बन्धी अन्तरक्रियात्मक गोष्ठी तथा हाजिर जवाफ कार्यक्रम संचालन गर्न सकिन्छ। यसबाट जनगणनाका समयमा चिनिने कार्यालय अन्य समयमा पनि सर्वसाधारणले चिन्ने अवसर प्राप्त हुन्छ र कार्यालयको पहिचान र साख बढ्छ,
- ✓ कर्मचारीहरुको पद अनुसारको कार्य विवरण तयार गर्नुपर्ने,
- ✓ केन्द्रबाटै भूमी व्यवस्था, संधीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत् सबै स्थानिय तहहरूलाई अनिवार्य रूपमा एकद्वार प्रणाली अन्तरगत तथ्याङ्क प्रविष्टिको जिम्मा लगाई अनुगमनको जिम्मा तथ्याङ्क समन्वय कार्यालयहरूलाई दिनुपर्ने।

# चित्रहरू:




तथ्याङ्क प्रदायकहरूसँग अन्तरक्रिया तथा छलफल




NDP अनुगमनका दौरान बोगटान फुडसिल गाउँपालिका



तथ्याङ्क दिवस


तथ्यांकीय साक्षरता कार्यक्रम पुर्विचौकी गाउँपालिका, डोटी


तथ्यांकीय साक्षरता कार्यक्रम बडीकेदार गाउँपालिका, डोटी




तथ्यांकीय साक्षरता कार्यक्रम मंगलसेन, अछाम




उप-प्रमुख तथ्याङ्क अधिकारी डा. हेम राज रेग्मी कार्यालयको अनुगमनका दौरान






गणक तथा सुपरिवेक्षक तालिम राष्ट्रिय आर्थिक गणना २०८२





आर्थिक गणना २०८२ अनुगमन